ISSN 2091-1629

मूल्य रु. ४५/-

गौरी मासिक

GAURI MASIK

वर्ष १९, अङ्क ११, २०८१ साउन, पूर्णाङ्क २१९

निरन्तर २१९ औं अङ्क

कोटिहोम यज्ञमण्डप

पशुपति (कैलाश), काठमाडौं

दानपात्र

SCAN & PAY

A/C No : 1420100006151001
Swift code : RBBANPKA
Bank code : 201
Rastriya Banijya Bank
New Baneshwor, Kathmandu

विश्व विराट ज्ञान आश्रम
Bishwo Birat Gyan Asram

१ करोड गीता दान महाअभियान

Email: vishwoviraatgyanashram@gmail.com



संवित परामर्श मण्डल
आबाल ब्रह्मचारी कविराज देवराज आचार्य
प्रा. शिवगोपाल रिसाल
डा. बिनु बाबा अर्याल
सल्लाहकार
श्रीमती गङ्गा कार्की
श्रीमती माधवी नेपाल
श्रीमती शिवा रिमाल
श्रीमती सीता श्रेष्ठ, खड्का
श्रीमती कमला बस्नेत
श्री नवराज लामिछाने
श्री मोहन चौधरी
प्रकाशक/सम्पादक
अर्जुन लामिछाने (९८५१०५३६०१)
व्यवस्थापक
बिदुरप्रसाद अधिकारी
सहयोगी
बिनीता पाठक
पार्वती सेढाईं
साजसज्जाः
बिपीन सोडारी (९८४९८५६२१०)
मुद्रकः किशोर अफसेट प्रेस
अध्यात्म ज्ञान लिनु र दिनु परम धर्म हो ।
एक प्रतिको रू. ४५/-
वार्षिक सदस्यता शुल्क रू. ५००/-
आजीवन सदस्यता शुल्क रू. ५,०००/-
ग्राहक बनेर गौरीको प्रकाशनमा टेवा पुऱ्याइ पुण्य कमाउनुहोस् ।
यस पत्रिकामा प्रकाशित लोख रचनाहरू लेखकका व्यक्तिगत विचार हुन्- सम्पादक

कार्यालय
भुवनेश्वरीमार्ग, पशुपति, काठमाडौं
फोन नम्बर- ९८०३८८८६६७, ९८०३०९२४१७
इमेलः- gauri_2062@yahoo.com / masikgauri@gmail.com

वितरक
विश्व स्वतन्त्र संचार
नयाँबानेश्वर, काठमाडौं, फोन नं.: ९८५१०३०९७२

कर्णाली प्रदेशः सुर्खेत ९८६८८९२३४७ (चैतेजी)
सुदुर पश्चिम कैलाली ९८४९९०३०३३ (हरिजी)
नेपालगञ्जः ९८४८०९५०५९ (गङ्गादास)
वाग्मति प्रदेश हेटौंडाः ९८४५३००६०५
देवघाटधाम, तनहुँ ९८५१०३०९७२
मधेश प्रदेश बर्दिवासः ९८४९२१६२५५
कोशी प्रदेशः ९८०३०९२४१७ (लेखनाथ)

जि. प्र. का. द. नं. ५२/०६२/०६३

हे गौरि शंकरार्धाङ्गि यथा त्वं शंकरप्रिया ।
तथा मां कुरू कल्याणि कान्तकान्तां सुदुर्लभाम् ॥

वर्ष १९, अङ्क ११, २०८१ पूर्णाङ्क २१९

साउन २०८१

मङ्गलबार	१	८	१५	२२	२९
बुधबार	२	९	१६	२३	३०
बिहीबार	३	१०	१७	२४	३१
शुक्रबार	४	११	१८	२५	३२
शनिबार	५	१२	१९	२६	गौरी
आइतवार	६	१३	२०	२७	
सोमबार	७	१४	२१	२८	

गौरीको अनुरोध.....!

यस गौरी मासिकको बार्षिक या आजीवन सदस्यता लिएर पनि पत्रिका नपाउनु भएका पाठकवृन्दहरूले कार्यालयमा सम्पर्क गरी छुटेका पत्रिकाहरू संकलन गर्नुहुन अनुरोध छ । कार्यालयः भुवनेश्वरी मार्ग, पशुपति

सम्पर्कः
९८४१५३३७८७, ९८०३८८८६६७ ९८५१०५३६०१

श्रीमद्भागवतमहापुराण

अघिल्लो अंकबाट क्रमशः

तीनैओटा गुणहरूका वृत्तिहरूको निरूपण

जसलाई मेरो भक्ति प्राप्त भयो त्यो त स्वतः सन्त भइ नै हाल्यो, जसले त्यस भक्तको सङ्गति गऱ्यो, त्यसको पनि भय र अज्ञानको नाश भइहाल्छ । जसले भगवान्को आश्रय लियो त्यसलाई दुःख कसरी हुन सक्छ ? यस कारण जुन मानिस यस घोर संसारसागरमा डुबिराखेका छन्, तिनीहरूका लागि ब्रह्मवेत्ता सन्त नै सुदृढ नाउ हुन् । जस्तै अन्नले प्राणहरूको रक्षा हुन्छ, त्यसै गरी म दीन र दुःखीहरूको परमरक्षक हुँ । जुन मानिस संसारदेखि भयभीत छन्, उनका लागि सन्तजन नै परमआश्रय हुन् । जस्तै सूर्यनारायण आकाशमा उदय भएर मानिस (प्राणीहरू)लाई ज्योति प्रदान गर्छन्, त्यस्तै सन्त पुरूषले भगवान्लाई हेर्न (दर्शन गर्न)का लागि अन्तर्दृष्टि प्रदान गर्छन् ।

मननशील साधक उपासनाको सानमा ज्ञानको खड्गलाई चढाएर साह्रै तीक्ष्ण (तिखो) गर्छन् र त्यसबाट देहाभिमानको मूलोच्छेदन गरी पृथ्वीमा निर्भय भएर विचरण गर्छन् । अनि त तिनमा कुनै प्रकारको आशा र तृष्णा रहँदैन । आत्मा र अनात्माको स्वरूपलाई राम्ररी बुझ्नु नै ज्ञान हो । हृदयलाई शुद्ध गरेर शास्त्रहरूको श्रवण तथा महापुरुषको उपदेश ग्रहण गर्नु नै त्यसको साधन हो ।

उद्धव ! जसलाई मेरा स्वरूपको राम्ररी ज्ञान भइसकेको छ त्यसका वृत्तिहरू र इन्द्रियहरू आदि समाहित अथवा विक्षिप्त नै रहन्छन् भने पनि तिनबाट त्यसको लाभहानि नै के हुन्छ र ? किनभने अन्तस्करण र बाह्य कारण त सबै गुणमय छन् र आत्मासित यिनको कुनै सम्बन्ध छैन । त्यसैगरी जस्तै आकाशमा बादल लागेपछि अथवा छिन्नभिन्न भएमा पनि सूर्यको कुनै हानिलाभ हुँदैन । यस्तो भए पनि जबसम्म मेरा सुदृढ भक्तियोगले मनको मैलो सर्वथा नष्ट नभइजाओस्, तबसम्म गुणहरूको र तिनका कार्यहरूको सम्पूर्ण रूपले त्याग गरिदिनुपर्छ । जस्तै राम्ररी चिकित्सा नगरेमा रोग समूल नाश हुँदैन, त्यसै गरी जुन मनका वासनाहरू पूर्णतया नष्ट भएका छैनन् त्यो मनले अधकल्चो योगीलाई कैयौं पटक पथभ्रष्ट गरिदिन्छ । तर पनि त्यो अधकल्चो योगी मार्गच्युत भए पनि त्यो पूर्वाभ्यासको कारण पुनः योगाभ्यास लागिहाल्छ किनभने आत्माको साक्षात्कारले त्यसको संसारविषयका समस्त वासना (तृष्णा) हरू पहिले नै नष्ट भइसकेका हुन्छन् । आत्मदृष्टि भएपछि अज्ञान र त्यसका कार्य निवृत्त भइहाल्छन् ।

आखिरमा उद्धवले गद्‌गद भएर भगवान्‌सित निवेदन गरे– हे अच्युत ! जसले आफ्नो मनलाई आफ्नो वशमा गर्न सक्तैन, त्यसका लागि हजुरले कुनै यस्तो सुगम (सजिलो) र सोको (सरल) साधन भन्नुहोस्, जसद्वारा त्यसले अनायास (बिनापरिश्रम) हजुरको परमपद प्राप्त गर्न सकोस् ।

परमार्थनिरूपण

भगवान्ले बडो प्रेमसाथ आफ्ना प्रियसखा उद्धवसित भन्नुभयो– उद्धव ! मेरा यस्ता (अघि भनेजस्तै) भक्तले आफ्ना सारा कर्म मेरा निम्ति गरोस् र त्यो गर्दा बिस्तारबिस्तार मेरो स्मरणको अभ्यास (बानी) बढाओस् । यस्तो गर्नाले केही दिनमै उसको मन र अन्तस्करण ममा नै रमाउनेछ । मेरा भक्त साधु जुन पवित्र ठाउँमा निवास गरेका हुन्, त्यो त्यसै ठाउँमा गएर रहोस् र उनकै आचरणको अनुसरण गरोस् । शुद्ध अन्तस्करण भएका साधकले म परमात्मालाई नै सम्पूर्ण प्राणीहरूमा र आफ्नो हृदयमा स्थित भएको देखोस् । जबसम्म समस्त प्राणीहरूमा त्यसको भगवद्‌भावना दृढ हुँदैन, तबसम्म त्यसले मन, वाणी र शरीरद्वारा मेरो उपासना गर्दै रहोस् । उद्धव ! यो सम्पूर्ण ब्रह्मविद्याको रहस्य मैले संक्षेपमा र विस्तारमा तिमीलाई सुनाइदिएँ ।

भगवान् श्रीकृष्णबाट योगका यी सारा रहस्यलाई सुनिसकेपछि भक्तप्रवर उद्धवले अत्यन्त भक्तिभावले उहाँका चरणकमलको स्पर्श गरे र पुनः हात जोडेर उहाँको स्तुति गरे– भगवन् ! मोहको महान् अन्धकारमा म बरालिरहेको थिएँ । हजुरको सत्सङ्गले म सदाका लागि त्यस अन्धकारबाट बाहिर निस्कन सकें ।।

क्रमशः...

सम्पादकीय

जलप्रेमी शिव

विश्वका हिन्दुहरूका आराध्यदेव भगवान् श्रीपशुपतिनाथ हाम्रा आस्थाका केन्द्र हुन् । भगवान् शिवका साकार र निराकार दुई रूपमध्ये श्रीपशुपतिनाथको मूल विग्रह 'शिवलिङ्ग' निराकार रूपको प्रतीक हो ।

भगवान् श्रीपशुपतिनाथलाई शिवपुराण लगायतका शास्त्रहरूले ज्योतिर्लिङ्गहरूको शिरोभागको रूपमा मानेका छन् । त्यसैले सबै ज्योतिर्लिङ्गहरूको दर्शन गरे पनि भगवान् श्रीपशुपतिनाथको दर्शनविना अधुरो रहने मान्यता भएकोले विश्वका हिन्दुहरू यहाँ दर्शन गर्न सदा लालायित हुने गर्दछन् ।

पशुपतिनाथको दर्शन गर्न कुनै दिनलाई पनि वर्जित गरिएको छैन तर पनि विशेष तिथि, मिति र समयमा दर्शनार्थीहरूको उल्लेख्य उपस्थिति हुने गर्दछ । यस्ता विशेष समयमध्ये साउने सोमबार पनि एक हो ।

हप्ताका सात बारमध्ये सोमबार भगवान् शिवको प्रिय बारको रूपमा लिइन्छ । सोमबारहरूमध्ये पनि साउनको सोमबारलाई शिव आराधनाको विशेष बारको रूपमा मानिएको पाइन्छ । श्रीपशुपतिनाथ मन्दिरमा साउनको सोमबार उपस्थित हुने भक्तजनहरूमध्ये पछिल्ला वर्षहरूमा 'बोलबम'को उपस्थिति उल्लेख्यमात्रामा बढेको छ । कुनै जलश्रोत (पानीका मुहान)बाट काँवरमा जल बोकी 'बोलबम्' (शिवजीको बीज मन्त्र) जप गर्दै शिवजीलाई जलार्पण गर्ने समूहलाई बोलबम् भनिन्छ । बोलबम्हरूले सुन्दरीजलबाट काँवरमा जल बोकी पशुपतिनाथको मन्दिरमा जल चढाउने गर्दछन् ।

भगवान् शिवको अर्को नाम आशुतोष पनि हो । आशुतोषको अर्थ थोरै मात्र पूजा र आराधनाले पनि प्रसन्न हुने देवता भन्ने बुझिन्छ । साउनको जलार्पण यिनै आशुतोष भगवान्सँग समर्पित भएको बुझिन्छ । कालकूट विष सेवनले छटपटिएका भोलेनाथलाई शितलता प्राप्त होस् भन्ने मान्यताको आधारमा गरिने जलार्पण भगवान् शिवको सबैभन्दा सजिलो आराधनाको माध्यम मानिन्छ । वर्षाको समय साउनको महिनामा जल सबैभन्दा सस्तो मानिन्छ । सोही जलार्पण गर्दै भगवान् भोलेको आराधना गरौं । अस्तु,

यसभित्र

अविच्छिन्न

श्रीमद्भागवत महापुराण २

सम्पादकीय ३

कविता

हरहर महादेव विजयराज भट्ट ४

गीताज्ञान

कर्मयोग आचार्य खेमराज केशवशरण ५

आध्यात्मिक वार्ता

दक्षिणेश्वर..... श्रीमहेन्द्रनाथ गुप्त श्री'म' ७

समसामयिक

स्वप्रकाशस्वरूप... सहप्रा. डा. विनुबाबा अर्याल ९

विशेष

कोटिहोम प्रा. भवानीप्रसाद खतिवडा १३

रहस्य

पार्थिव शिवलिङ्ग पुजन भागवतश्री न्यौपाने २७

विवरण

एक महिने महायज्ञ.... विदुरप्रसाद अधिकारी २९

समयसन्दर्भ

श्रावण सोमबार..... डा. वी.पी. वडाल ३१

हरहर महादेव

-विजयराज न्यौपाने

तिम्रो प्यारो यही मास, वर्षा ऋतु छ साउन
हरहर महादेव, पुकारी जल अर्पण ।
घोटी घोटी दिलैदेखि, श्रीखण्ड श्वेत चन्दन
हरहर महादेव, तिमीलाई समर्पण ।
प्रकृतिकी महारानी, हरित ऋतु साउन
हरहर महादेव, बेलपत्र समर्पण ।
निश्कलङ्क महादेव, महिमा लाग्छ गाउन
फूलजस्तै लिई दिल, श्वेत फूल समर्पण ।
प्रकृतिमय लीला छ, प्रकृतिका उपासक
अनन्त नेत्रझैँ नेत्र, रूद्राक्ष छ समर्पण ।
सात्विक पनले व्याप्त, प्रकृतिमय चिन्तन
दुध घिउ दहीजन्य, मधुपर्क समर्पण ।
तिमी पिता तिमी माता, सखा, विद्या तथा धन
तिमीमा म सकूँ गर्न, मन मेरो समर्पण ।❖

-सामाखुसी, काठमाडौं

गीता तृतीय अध्याय

कर्मयोग



-आचार्य खेमराज केशवशरण

श्रीभगवानुवाच
लोकेऽस्मिन्द्विविधा निष्ठा पुरा प्रोक्ता मयानघ।
ज्ञानयोगेन साङ्ख्यानां कर्मयोगेन योगिनाम्॥३॥

अन्मयः हे अनघः अस्मिन् लोके मया पुरा द्विविधा निष्ठा प्रोक्ता। ज्ञानयोगेन सांख्या मां कर्मयोगेन योगिनाम्।

सरलार्थः हे निष्पाप अर्जुन ! यस लोकमा मैले पहिले दुईथरी साधकहरूका लागि अलग अलग रूपले दुवैथरी निष्ठा बताएको छु। ज्ञानीहरूको निष्ठा ज्ञानयोगद्वारा र योगीहरूको निष्ठा कर्मयोगद्वारा पूर्ण हुन सक्ने कुरा मैले सम्झाएको छु।

भावविशारदाः भगवान्ले यहाँ अर्जुनलाई विवेक शक्तिको सूक्ष्म अनुभूतितिर डोऱ्याउनुभएको छ। सांख्यनिष्ठा र योगनिष्ठाका रूपमा साधनाका दुईटा बाटा भएको स्पष्ट उल्लेख गरेर अर्जुनलाई आफ्नो प्रकृति ठम्याई तदनुकूल अग्रसर बन्न प्रेरित गर्नुभएको छ।

अर्जुनले संन्यासको बाटो लिएर बरू भिक्षा मागेर खानु ठीक होला भनी पहिले चर्चा गरेका थिए। त्यो ज्ञान योगको बाटो थियो। त्यसपछि सांख्यहरूको बाटो थियो जसमा जड र चेतनको भिन्नता, देही र देहको भिन्नता, अविनाशी र नाशवान्को पृथकता सम्बन्धी अनुभव साधकलाई स्पष्ट भएको हुन्छ। त्यस्ता साधकलाई सांख्य भनिन्थ्यो। त्यो बाटो सांख्यहरूको बाटो थियो। त्यो आवेगमा वरण गर्ने बाटो थिएन। जसलाई शरीर र आत्माको पृथकताको जानकारी स्पष्ट रूपले प्रतीत हुन्छ, जो ज्ञानयोगका योग्य साधक बनिसकेका छन्, तिनलाई मात्र त्यो मार्ग ठीक हुन्छ।

जो कर्मप्रधान प्रवृत्ति भएका, सामान्य लौकिक व्यवहारमा पाइने रागद्वेषादि मानसिकताबाट युक्त छन्, साधनामा प्रवृत्त भएका छन्, तिनका लागि भने कर्मयोगको बाटो नै निर्विकल्प बाटो हुन्छ। ज्ञानयोगको साधना वियोगीहरूको लागि (लौकिक सम्बन्धहरूबाट माथि उठिसकेकाहरूका लागि) हुन्छ र कर्मयोग चाहिँ योगीहरू, सिद्धि र असिद्धिसम्म रही कर्मकौशल आर्जन गर्न चाहनेहरूका लागि हुन्छ। यिनै दुईटा निष्ठा भगवान्ले दोश्रो अध्यायको ३९ औं श्लोकमा पनि भन्नुभएको थियो। जसलाई अतिदेखि नै भनिएको भन्ने संकेत दिंदै 'पुरा प्राक्ता' भनेर यहाँ उल्लेख गर्नुभएको छ।

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते।
न च संन्यसनादेव सिद्धिं समधिगच्छति॥४॥

अन्मयः कर्मणाम् अनारम्भात् पुरुषः नैष्कर्म्य न अश्नुते। संन्यासना त एव सिद्धिं च नसमधिगच्छति।

सरलार्थः पुरूषले कर्म गर्न छोड्दैमा नैष्कर्म्य (कर्मयोगको अन्तिम फल) प्राप्त गर्न सक्दैन। कर्मलाई बाहिरबाट छोड्दैमा सिद्धि (ज्ञाननिष्ठाको अन्तिम फल) पनि उसले प्राप्त गर्न सक्दैन।

भावविशारदाः कर्मयोगको अन्तिम फल नैष्कर्म्यसिद्धि हो। नैष्कर्म्यसिद्धिको तात्पर्य कर्म निरन्तर चल्दै रहेर पनि फलाशामा नजेलिएको बन्धनमा नपरेको स्थिति हो। कर्मै नगर्ने हो भने नैष्कार्म्यसिद्धि कसरी प्राप्त होला ? किनभने त्यो पूर्ण रूपले कर्ममै अवलम्वित छ। भगवान्ले यो कुरा कर्मयोगतर्फका लागि भन्नुभयो। अब ज्ञानयोगपट्टिका लागि पनि कर्म नगरी नहुने कुरा बताउँदै अगाडि भन्नुहुन्छ- त्यसैगरी स्वरूपतः कर्मलाई त्याग्दैमा ज्ञाननिष्ठामा पनि सिद्धिमा पुग्नु सम्भव छैन।

योगनिष्ठा होस् चाहे ज्ञाननिष्ठा कर्म गर्नु अनिवार्य छ। यहाँ साधकहरूलाई जिज्ञासा हुन सक्दछ- दुईथरी निष्ठाको प्रतिपादन गर्दा भगवान्ले योग र सांख्य शब्दको उल्लेख गर्नुभएको छ। एकथरी साधकलाई सांख्यसाधक, अर्कोथरी साधकलाई योगीसाधक भन्नुभएको छ। भक्तिमार्गका साधक कतातिर पर्दछन् त ? कि भक्तको लागि स्थानै छैन। यसको समाधान के हो भने योगी शब्दभित्र कर्मयोगी र भक्तियोगी दुवैको अन्तर्भाव हुन्छ।

कर्मयोग र उपासना दुवै नै कर्ममय छन् । एउटामा लोककल्याणको भावनाले कर्म गरिन्छ अर्कोमा आफ्ना अंशी परमईष्ट भगवान्प्रति सेवाभाव राखेर कर्म गरिन्छ । समतारूप सिद्धिमा पुग्ने विधि कर्मयोग, भक्तियोग र ज्ञानयोग तीनै साधनामा हुन्छ र भिन्न भिन्न प्रकारबाट तीनै मार्गका साधक समतामा पुग्दछन् । कर्मयोगीहरू फलाशाप्रति निरपेक्ष रही सिद्धि असिद्धि, अनुकुल, प्रतिकूल

सबै स्थितिमा समभावले रहन्छन् । भक्तियोगीहरू सम्पूर्ण कर्मफल भगवान्मा अर्पण गरी सिद्धि-असिद्धि अनुकूल प्रतिकूल सबैमा भगवत्कृपाको अनुभूति गर्दै समभावले रहन्छन् । अनि ज्ञानयोगीहरू चाहिँ प्रकृतिका गुणहरूद्वारा परिचालित हुने देह, इन्द्रिय, मन, प्राण नै कर्ममा प्रवृत्त हुन्छ म कर्ता हैन भन्ने भावमा रहेर कर्तापनको त्याग सँगै प्राप्त हुने सिद्धि असिद्धि अनुकूल-प्रतिकूल जस्ता फलप्राप्तिमा समभावले रहन्छन् । सारांशमा भगवान्ले के भन्नुभयो भने साधनामार्ग जुन भए पनि सिद्धिको तहमा पुग्न कर्म नगरी हुँदैन ।

न हि कश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत् ।
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ॥५॥

अन्मयः कश्चित् क्षणम् अपि जातु अकर्मकृत् नहि तिष्ठति । सर्व प्रकृतिजैः गुणैः अवशः कर्म कार्यते हि ।

सरलार्थः एकछिन पनि कोही कहीं कर्म नगरी बस्दैन । प्रकृतिबाट पैदा भएका सत्व, रज, तम गुणहरूले विवशतासित सबैलाई कर्म गराएरै छोड्दछन् ।

भावविशारदाः कुनै न कुनै कर्म जीवित व्यक्तिबाट भइनै रहन्छ । प्रकृति निरन्तर सक्रिय रहिरहने र परिवर्तनशील रहने हुनाले प्रकृतिको अंश स्वरूप शरीरसँग सम्बन्ध रहेको अवस्थामा प्राणी क्षणमात्र पनि कुनै कर्म नगरी कहिल्यै रहन सक्दैन । प्रकृतिबाट बनेको स्थूल शरीरभित्र सत्व, रज, तम गुणहरू निरन्तर चलिरहन्छन् र तिनले मानिसलाई केही न केही गराइरहन्छन् । एकैछिन पनि कोही खाली बस्न सक्दैन ।

सामान्यतः मानिसले के ठानेको हुन्छ भने कर्म गर्नु भनेको सधैं आफूले गर्ने गरेका स्थूल रूपका कर्महरू; खेतीपाती, बन्दव्यपार, नोकरी, उद्योगधन्दा आदि मात्र कर्म हुन् । ऊ यिनैलाई कर्म मान्दछ र यिनलाई नगर्नु भनेको कर्म त्याग्नु हो भन्ने उसले ठानेको हुन्छ । परन्तु गीताले ती स्थूल कर्महरूलाई मात्र कर्म मानेको छैन ।

स्थूल शरीरबाट हुने खानु, पिउनु, हिंड्नु, डुल्नु, उठ्नु, बस्नु आदि क्रियाहरूलाई कर्म नै मानिएको छ । कर्मको रूप स्थूलभन्दा स्थूलदेखि लिएर सूक्ष्मभन्दा सूक्ष्मसम्म फैलिएको छ । शरीरबाट, मनबाट, वाणीबाट हुने समस्त क्रियाहरू कर्म नै कहलिन्छन् । त्यसैले मानिसले स्थूल कर्महरू छोडे पनि सूक्ष्म कर्महरू चलिरहेकै हुन्छन् । हात पाउले गर्ने कर्म छुटे पनि मनले गर्ने चिन्तन मनन् र तर्कवितर्कहरू त क्षणक्षण, पलपल चलिनै रहन्छ । त्यसैले कहिं पनि कोही पनि सर्वथा कर्म रहित भएर रहनै सक्दैन ।

यस श्लोकमा 'कश्चित्' पद आएकाले समस्त प्राणीलाई लिन सकिने भए तापनि जीवन दर्शनसँग सम्बन्धित यी चिन्तनहरू मानवले बाहेक अरूले बुझ्न नसक्ने र अरूका लागि यिनको कुनै अर्थ पनि नरहने हुनाले यहाँ 'कश्चित्' पदले कुनै पनि मानिस भन्ने अर्थ नै गर्नुपर्दछ ।

भगवान्का सम्पूर्ण अवतारहरू र तिनबाट प्रदत्त शिक्षा र सन्देशहरू पनि मानवलाई नै सम्झाउनका निमित्त त हुन् नि । यदि कसैले बाहिरका हात पाउ आदिले गर्ने क्रियाहरू बन्द गर्‍यो भने र एकान्त वास शुरू गर्‍यो परन्तु मनले चाहिं तिनै छोडेका काम कुराहरूको सम्झना गर्ने गर्‍यो भने त्यस्तालाई के भन्नु पर्दछ त ? यसको उत्तर अब आउने श्लोकले दिन्छ । क्रमशः

(आचार्य खेमराज केशवशरण वि.सं. २०७४ साउन १८ गते स्वर्गारोहण हुनभएको हो । उहाँले लेख्नुभएको र उहाँकै पारिवारिक श्रोतबाट प्राप्त भएको गीताको भावार्थचन्द्रिका हामीले गौरीका प्रकाशनमा निरन्तर प्रकाशित गर्दै आइरहेका छौं ।)

आत्मानन्दमा

-श्री महेन्द्रनाथ गुप्त श्री 'म'

दक्षिणेश्वर मन्दिरमा भक्तहरूसँग

आज कालीपूजा छ, शनिबार १८ अक्टोबर १८८४ ई. । राति दश-एघार बजेदेखि कालीपूजा शुरू हुनेछ । केही मानिसहरू यस गम्भीर औँशीको रातमा श्रीरामकृष्णको दर्शन गर्नेछन् । यसैले पाइला बढाउँदै आँउदै छन् । राति आठ बजे लगभग मास्टर एक्लै आइपुगे । ठाउँमा आएर हेर्छन् त काली मन्दिरको पूजा शुरू भइसकेछ । बगैँचामा कताकतै दीपक जलाइएको थियो तर काली मन्दिरमा त जताततै बत्तीको उज्यालो देखिन्छ । बीच-बीचमा सनाई बजिरहेछ । कर्मचारीहरू दौडा-दौड गर्दै यताउति देखरेख गरिरहेका छन् । दक्षिणेश्वर गाउँका मानिसहरूले पूजाको सूचना पाइसकेका थिए, अन्त्यमा थिएटर पनि हेर्ने भन्ने पनि सबैले सुनेका थिए । गाउँदेखि केटाहरू जवानहरू, आइमाईहरू, बुढा-बुढी सब देवीदर्शन गर्न आइरहेछन् ।

दिनको अन्तिम प्रहरतिर चण्डीगीत भइरहेको थियो, गायक थिए, राजनारायण । श्रीरामकृष्णले भक्तहरूसँगै बडो प्रेमले गाना सुन्नुभयो । देवीपूजा सम्झेर श्रीरामकृष्णलाई अपार आनन्द भइरहेछ । रात आठ बजे त्यहाँ पुगेर मास्टरले देखे, सानो खटियामा श्रीरामकृष्ण बस्नुभएको छ, उहाँलाई अगाडि पारेर निकै भक्त जमिनमा बसेका छन्- बाबुराम, सानो गोपाल, हरिपद, किशोरी, निरञ्जनको एक आत्मीय नवयुवक र ऐँरादहको अर्कै एक किशोर बालक । रामलाल र हाजरा कहिले आउँछन्, कहिले जान्छन् । निरञ्जनका आत्मीय नवयुवक श्रीरामकृष्णका अगाडि बसेर ध्यान गरिरहेका छन् ।

श्रीरामकृष्णले उनलाई ध्यान गर्न भनेर भन्नुभएको थियो । मास्टर प्रणाम गरेर (आसनमा) बसे । केही बेरपछि निरञ्जनका आत्मीय प्रणाम गरेर बिदा हुन लागे । एडैदाका अर्का युवक पनि प्रणाम गरेर खडा भए, उनीहरूसँग जान लागेका हुन् ।

श्रीरामकृष्ण (निरञ्जनका आत्मीयसँग)- तिमी अब फेरि कहिले आउँछौ ?

भक्त- हजुर, सोमबारसम्म सायद ।

श्रीरामकृष्ण (आग्रहपूर्वक)- लाल्टिन चाहिन्छ ? सँगै लिएर जाऊ ।

भक्त- होइन हजुर, यस कम्पाउन्डवरिपरि त उज्यालो छँदैछ, केही जरूरत छैन ।

श्रीरामकृष्ण (एडैदाका लड्कासँग)- के तँ पनि जान लागेको ?

लडका- अँ हजुर । बडो ठण्डा छ ।

श्रीरामकृष्ण- अँ, टाउकोमा कपडा लपेट्नु ।

दुवै केटाहरूले फेरि प्रणाम गरे र हिंडे ।

कीर्तनानन्दमा

औँशीको घोर रात्रि, त्यसमाथि जगन्माताको पूजा छ । श्रीरामकृष्ण सानो खाटमा तकियाको आड लिएर बस्नुभएको छ, अन्तर्मुख हुनुहुन्छ, छिन-छिनमा भक्तहरूसँग एक-दुई कुरा गर्नुहुन्छ ।

एकाएक मास्टर तथा अन्य भक्तहरूतर्फ हेरेर भन्दै हुनुहुन्छ, आहा त्यस लड्काको कस्तो गहिरो ध्यान थियो ! (हरिपदसँग) कस्तो ध्यान थियो ?

हरिपद- अँ, हजुर ऊ ठीक काठ जस्तै स्थिर थियो ।

श्रीरामकृष्ण (किशोरीसँग)– त्यस लड्कालाई चिन्छौ ? कुनै सम्बन्धले निरञ्जनको भाइ पर्छ ।
फेरि सबै चुपचाप बसेका छन् । हरिपद श्रीरामकृष्णको पाउ दाबिरहेछन् ।

श्रीरामकृष्ण बिस्तारै गाइरहनुभएको छ । एकाएक उठेर बस्नुभयो र ठूलो उत्साहसँग गाउन लाग्नुभयो– "यो सब त्यही पागल आइमाईको खेल हो । उनी खुद पनि पागल छिन्, उनको पति महेश पनि पागल छन् अनि जो दुईजना चेलाहरू छन्, ती पनि पागल छन् । उनको रूप के हो, गुण कस्तो छ ? केही भन्न सकिन्न । जसका घाँटीमा विषको ज्वाला छ, ती शिव उनको नाम बारम्बार लिइरहन्छन् ।

सगुण र निर्गुणको झगडा लगाएर उनी ढुङ्गाले ढुङ्गा फोर्छिन् । उनी सबै विषयहरूमा राजी छिन्, खाली कर्तव्यहरूको बखतमा नै उनको नाराजगी हुन्छ । रामप्रसाद भन्छन्, "संसार-सागरमा आफ्नो डुङ्गा लिएर रहिरहनु, जब ज्वार आउँछ, तब जहाँसम्म लैजान्छ चढ्दै जानु र जब भाटा हुन्छ, तब जहाँ उत्रिनुपर्छ ।"

गाउँदा-गाउँदै श्रीरामकृष्ण मस्त हुनुभयो, त्यही आवेशमा उहाँले थुप्रै गीतहरू गाउनुभयो । अर्को एक गानाको भाव तल दिइन्छ ।
"काली ! तिमी सदानन्दमयी छ्यौ, महाकालको मनलाई मुग्ध गरिदिन्छ्यौ । तिमी आफैँ नाच्छौ, आफैँ गाउँछ्यौ र आफैँ नै ताली बजाउँछ्यौ । तिमी आदिभूता हौ, सनातनी हौ, शून्यरूपा हौ, तिम्रा मस्तकमा चन्द्रमा शोभा बढाइरहेका छन् । अँ त, माता, तिमी यो त भन, जब ब्रह्माण्ड नै थिएन, तिमीलाई त्यसबखत कसरी मुण्डमाला मिल्यो ? तिमी नै यन्त्री हौ, हामी सबै तिम्रै इसारामा चलिरहेका छौँ । तिमी जसरी राख्छ्यौ उसै गरिरहन्छौ र जे भनाउन लगाउँछ्यौ त्यही भन्छौ । अशान्त भएर कमलाकान्त तिमीलाई गाली गर्दै भन्छ, अबको पालित, ए सर्बहरे ! खड्ग धारण गरी तिमीले मेरा धर्म-अधर्म दुवैलाई खाइदियौ ।"
श्रीरामकृष्णले फेरि गाउनुभयो–
"जय काली, जय काली भन्दै यदि मेरो प्राणान्त भयो भने त शिवत्व प्राप्त गर्नेछु । वाराणसीको मलाई के जरूरत पर्‍यो ? काली अनन्तरूपिणी छिन्, उनको अन्त जान्न सक्ने यस्तो को छ ? उनको अलिकति मात्र पनि माहात्म्य बुझेर शिव उनका पाउमा लडीबुडी गर्नुहुन्छ ।"

गाना सकियो । यसैबखत राजनारायणका दुईटा छोराहरूले आएर श्रीरामकृष्णलाई प्रणाम गरे । सभामण्डपमा दिनको पछिल्लो प्रहरमा राजनारायणले चण्डीगीत गाएका थिए । उनीसँगै उनका छोराहरूले पनि गाएका थिए । श्रीरामकृष्णले दुवै केटासँगै फेरि गाउनुभयो ।

श्रीरामकृष्णले निकै गीतहरू गाइसकेपछि कोठामा रामलाल आए । श्रीरामकृष्ण भन्नुहुन्छ, "तँ पनि केही गा न, आज पूजा छ ।" रामलाल गाइरहेछन्, "यी कामिनी कसकी हुन् ? समर क्षेत्रलाई आलोकित गरिरहने ? सजल मेघ जस्तै यिनको कान्ति छ, दर्शनमा दामिनीको ज्योती (चमक) देखिन्छ ! यिनका केशराशि खुलेका छन्, फिँजिएका छन्, सुर-असुरहरूको बीचमा पनि यिनलाई भय हुँदैन । यिनका अट्टहासले नै दानवहरूको विनाश हुन जान्छ ।" कमलाकान्त भन्छन्, "अलिकति बुझ त, यी गजगामिनी को हुन् ?" श्रीरामकृष्ण नृत्य गर्नुहुन्छ, प्रेमानन्दमा पागल हुनुभएको छ । नाच्दै उहाँ गाउन लाग्नुभयो, मेरो मन मिलिन्द (मनभँवरो कालीका नीलकमलचरणमा लुब्ध भयो ।" गाना, नाच समाप्त भयो । श्रीरामकृष्ण आफ्नो सानो खाटमा बस्नुभयो । भक्तगणहरू पनि बसे ।

मास्टरसँग श्रीरामकृष्ण भन्नुहुन्छ, तिमी आएनौ, चण्डीगीत कति रमाइलो थियो । क्रमशः

अनुवादकः प्रा.डा. शङ्करराज पन्त, मैतीदेवी

श्रोतः श्रीरामकृष्ण वचनामृत

श्रीरामकृष्णवचनसुधा

नेपालीमा !

श्रीरामकृष्ण परमहंसको दैनिकीमा आधारित आध्यात्मिक ज्ञानको बहुउपयोगी पुस्तक 'श्रीरामकृष्णवचनामृत'को नेपाली संस्करण



श्रीरामकृष्ण वचनसुधा प्रकाशन भएको छ । पुस्तक प्राप्तिको निम्ति सम्पर्क गर्नुहोला–

श्रीरामकृष्ण आश्रम, नेपाल

ज्ञानेश्वर काठमाडौं,

मो. ९८६२५९६५७२

स्व-प्रकाशस्वरूप शिव

-सहप्रा. डा. विनुबाबा अर्याल

परमात्मा शिव केवल चिति स्वरूप हुन् । चितिको कुनै शरीर हुँदैन चिति प्रकाश हो । सूर्य जस्तै स्वयम् आलोकित हुने आलोक नै वास्तविक आलोक हो । शिव नै सर्वात्मक चैतन्यस्वरूप हो, सृष्टिको स्रोत हो, सम्पूर्ण सृष्टिको मूल कारण हो ।

सृष्टिलाई अगाडि बढाउने क्रममा ब्रह्माले क्रमशः सतक, सनन्दन, सनातन र सनत्कुरमार ऋषिहरू उत्पत्ति गर्नुभयो । तर सृष्टिको क्रम अघि बढ्न सकेन । त्यसैले ब्रह्माले मानस पुत्रको रूपमा नारद र दक्षप्रजापतिलाई सृष्टि गर्नुभयो । दक्षप्रजापतिबाट मात्र सृष्टि नचल्ने भएपछि ब्रह्माले पुनः तपस्या गर्न थाल्नुभयो । त्यस तपस्याबाट महादेवको दर्शन पश्चात अर्धनारीश्वर उपासना गर्न, परमात्मा परमेश्वरको आज्ञा स्वरूप गरिएको ब्रह्माको तपस्या पश्चात दक्षप्रजापतिको कन्याको रूपमा सतीस्वरूपमा भगवान्ले लीला अवतार लिनुभयो । त्यसपछि ब्रह्माले मनु र शतरूपको सृष्टि गर्नुभएको कथा शिवपुराणमा पाइन्छ ।

सृष्टिको आदिमा कोही थिएन, केही थिएन । ब्रह्मा, विष्णु, महेश्वर कोही थिएनन् । न आकाश, न वायु, न तेज, न जल, न पृथ्वी, न नक्षत्र, न सूर्य, न चन्द्रमा केही पनि थिएनन् । मात्र शून्य महाशून्य थियो । त्यस महाशून्यमा एउटा ज्योतिस्तम्भको रूपमा ज्योतिर्लिङ्ग प्रकट भयो । त्यो ज्योतिर्लिङ्गबाट आलोक फैलियो । जुन प्रकाश छ त्यही विद्या हो र अप्रकाश नै अविद्या या तम हो । अविद्या विलय भएपछि विद्याको प्रकाश हुन्छ याने आलोकको उदय हुन्छ । त्यो महाशून्य आलोकित भयो अनि त्यस आलोकमा पञ्च महाभूतको सृष्टि भयो । सर्वप्रथम आकाश, आकाशबाट वायु, वायुबाट तेज, तेजबाट जल र जलबाट पृथ्वीको उत्पत्ति भयो । त्यस शून्य आकाशमा एक प्रकारको ध्वनी गुञ्जिन थाल्यो र त्यो ध्वनी विकसित भयो अनि त्यस ध्वनीबाट ब्रह्मको प्राकट्य भयो ।

वैदिक सिद्धान्तअनुसार सृष्टिको मूल तत्त्व अनेकौ नभएर एउटै मानिन्छ । ऋग्वेदमा सृष्टि उत्पत्ति अगाडिको कुरा गरेको छ, जो यस प्रकारको छ–

नासदासीन्नो सदासीत् तदानी नासीद्रजो नौ व्योम परोयत्

(ऋग् १०/१२९/१)

यस मन्त्रबाट स्पष्ट हुन्छ कि सृष्टिको उत्पत्ति अगाडि यो परिदृश्य मान जड चेतनात्मक जगत् थिएन, केही पनि थिएन एउटै मात्र अद्वितीय ब्रह्म विद्यमान थियो । एक मेवाद्वितीयं ब्रह्म यही ब्रह्मतत्त्वबाट यो सारा ब्रह्माण्डको सिर्जना भयो ।

यो सम्पूर्ण दृश्यमान जगत् जब उत्पन्न भयो त्यस समयमा सत् असत् अव्यक्त रूपमा थिए । व्यक्त रूपमा थिएन । जब ब्रह्मतेज उत्पन्न भयो अर्थात् प्रकट भयो, त्यो ब्रह्मतेज स्थूल, सूक्ष्म चिसो, तातो आदि केही थिएन । यो सत्यरूपको ज्ञान रूप मात्र थियो । र अनन्त थियो । समाधिनिष्ट योगीहरूले समाधिमा स्थित भएर योग दृष्टिबाट याने दिव्यदृष्टिबाट त्यस तेजलाई तच्छु भ्रं ज्योतिषा ज्योति नित्य अवलोकन अर्थात् साक्षात्कार गर्दथे । त्यही ज्ञान विज्ञान दिने ब्रह्मतेज प्रकट भयो । त्यही ज्योतिरूप ब्रह्मतत्त्वबाट ब्रह्मशक्ति माया अथवा प्रकृति अव्यक्त अवस्थाबाट व्यक्त भावमा प्राप्त भयो । यही शिव र शक्तिको रूपमा विद्यमान रह्यो । शिवलिङ्गको वेदी महादेवीको स्वरूप हो । लिङ्ग साक्षत् महेश्वर हुन् । लयकार हुनाको कारण नै यसलाई

लिङ्ग भनिएको हो । यसैमा सम्पूर्ण जगत् स्थित छ ।[१] पञ्चवक्त्रं त्रिनेत्रम् अनुसार भगवान् शिवको तीन आँखा र पाँच मुखहरू इशान, तत्पुरूष, अघोर, वामदेव र सद्योजात नामका रहन गए ।

पूर्व मुख तत्पुरूष नामले, दक्षिण मुख अघोर नामले, पश्चिम मुख सद्योजात नामले, उत्तर मुख वामदेव नामले र उर्ध्व मुख ईशान नामले प्रसिद्ध र आराध्य छन् । भगवान् शिवको स्थूल मूर्तिलाई शिवलिङ्ग भनिन्छ । ब्रह्माण्ड उहाँको लिङ्ग हो, यस लिङ्गलाई ब्रह्मा र विष्णुले पनि आदि अन्त्य पाउन सकेनन् त्यसैले भनिन्छ शिव वस्तुतः सत्य ज्ञानंनन्त ब्रह्म हुन् यसको तात्पर्य यहि नै हो त्यसैले पुराणहरूमा उल्लेख गरिएको एक ब्रह्म त्रयोदेवा ब्रह्मा विष्णु महेश्वराः एउटै ब्रह्म नै ब्रह्मा, विष्णु र मेश्वर अर्थात् शिवको रूपमा छन् । स ब्रह्मा स शिवः सेन्द्रः सो क्षरः परमः स्वराष्ट्र। स एव विष्णुः स प्राणः स कालोऽग्निः स चन्द्रमाः ॥ (केउ१/८)

अर्थात् ऊ परब्रह्मा परमात्मा नै ब्रह्मा हो, उही शिव हो, इन्द्र सहित देवताहरू हो । ऊ अविनाशी सर्वोत्कृष्ट र स्वयं प्रकाश हो, ऊ विष्णु हो, ऊ हिरण्यगर्भरूप प्राण हो, ऊ काल, अग्नि र उनै चन्द्रमा हो ।

भगवान् शिवले पृथ्वी जल, तेज, वायु, आकाश, सूर्य, चन्द्र र यजमान (होता) गरी आठ वटा प्राकृतिक स्वरूप धारण गर्नुभएकोले शिवलाई अष्टमूर्ति भनिएको हो । यसबाट के सिद्ध हुन्छ भने यो विश्व ब्रह्माण्डमा सर्वत्र शिव तत्त्व व्याप्त छ । अथवा भनौं यो समग्र चराचर सृष्टि सम्पूर्ण रूपमा शिवमय छ । सोऽहम् शिवोऽहम् ।

शिव शब्दको अर्थ हो परमआनन्द, जहाँ परम आनन्द हुन्छ, त्यहीँ परम शान्ति हुन्छ । त्यहीँ परम मङ्गल हुन्छ त्यसैले शिव शब्दको अर्थ परम मङ्गल, परम कल्याण, त्रिकाल मङ्गल हो । यही आनन्ददाता परम कल्याणरूप शिवलाई नै शङ्कर भनिन्छ । 'श' भनेको आनन्द र 'कर' भनेको गर्ने वाला हुन् । जसले आनन्द गर्दछ त्यही शङ्कर हो । उपनिषद्ले रसो वै सः भनी ब्रह्म आनन्ददायक हो भनेको छ । सत्यं शिवं सुन्दरम् सत्यम् ज्ञानम्, आनन्दम् यही हो । ब्रह्मको प्रतीक, ब्रह्म निर्गुण, निराकार हो । सर्वोपरि यथार्थ सत्तालाई शिव भनिन्छ । उहाँ नै अनादि, अनन्त, अजन्मा, निर्विकार, देवाधिदेव महादेव परब्रह्म हुनुहुन्छ । जसलाई सच्चिदानन्द भनिन्छ । जसको अर्थ सत् चित् आनन्द हो । शिवतत्त्व एवम् शाश्वत आनन्द, चेतनाको स्वरूप हो । शिवको अर्थ चैतन्य आत्मा हो । चैतन्य नै परमात्मा हो, परमात्मा मात्रै पूर्ण हुन्छ, उभन्दा अलग कुनै सृष्टि नै छैन ।

शिव प्रकाश स्वरूप हो । सम्पूर्ण चराचर जगत्मा व्याप्त भएर रहेको चिन्मय, अद्वितीय, अनन्त, अनादि, वेदस्वरूप निर्विकल्प, चिदाकाश स्वरूप करोडौं सूर्यसमान प्रकाश भएका, आदिभौतिक, आदिदैविक तथा आध्यात्मिक त्रिविध दुःखको वीजलाई नै नष्ट गर्ने एउटै शिवतत्त्वलाई आ-आफ्नो रूचि अनुसार सत्व गुण प्रधान भएर पालन गर्ने वेलामा विष्णु मानेर उपासना गर्दछन् ।

सत्वमा प्रकाश, ज्ञान छ र आनन्द छ भने सृष्टिको वेलामा रजोगुण प्रधान हुन्छ र सो अवस्थामा ब्रह्मा भनेर ब्रह्मोपासकहरूले उपासना गर्दछन् । रजमा इच्छा, कामना र वासना आदिको प्रभुत्व रहेको पाइन्छ । संहारकालमा तमोगुणप्रधान भएको बेलामा रूद्र भनेर भक्तहरूले उपासना गर्दछन् । तममा अन्धकार विकार आदि फैलिएर संसारलाई आक्रान्त तुल्याइरहेको हुन्छ । सत्त्व, रज र तम त्रिगुण भनेको क्रमशः विष्णु, ब्रह्मा र रूद्र हुन् । जसका कारण संसारको सृष्टि, स्थिति र प्रलय हुन्छ । ब्रह्मा, विष्णु र महेश्वर जे नाम राखे पनि तत्त्व एउटै हो ।

आब्रह्मतृण पर्यन्त यत्किञ्चिद् दृश्यकोजगत ।
तत्सवं शिव एवास्ति स देवः शिव उच्यते ।

(शिवपुराण कोटिरूद्र संहिता ४३/४)

ब्रह्मादेखि लिएर तृणपर्यन्त जुन रूपमा यो जगत् देखिन्छ, त्यो सम्पूर्ण जगत् शिवरूप नै हो अर्थात् त्यो जगन्मय देव नै शिव हो ।

न सग्प्रसूयले यो वै कुतश्चन कदाचन ।
यस्मिन्न भासते विद्युत् न च सूर्यो न चन्द्रमाः ॥
यस्य मासा विभाती दञ्जगत् सर्वसमन्ततः ।
सर्वेश्वरेण सम्पन्नो नाम्ना सर्वेश्वरः स्वयम् ।

(शिवपुराण कैलाससंहिता १२/६-१०)

न तत्र सूर्यो भाति न चन्द्रतारकं
नेमा विद्युतो भान्ति कुतोयमर्माग्नः ।
तमेव भान्तमनुभाति सर्व
तस्य भाषा सर्वमिदं विभाति ॥ (कठोपनिषद्)

सूर्यको प्रकाश उसको स्वयं प्रकाश होइन । न त चन्द्रमाले दिने शीतलता नै उसको आफ्नो शीतलता हो ।

विद्युतको शक्ति पनि उसको शक्ति होइन, ब्रह्माण्डमा पाइने अग्निको के कुरा गर्ने ? त्यो परमेश्वकै प्रकाशबाट सबै वस्तु प्रकाशित भइरहेका छन् । सबैको शक्ति परमात्माको नासो मात्र हो ।

भगवान् शिवको आराधना, उपासना र तपस्याबाट भगवान् विष्णुले सुदर्शन चक्र प्राप्त गर्नुभएको, पुरूषोत्तम रामले रामेश्वरमा गरेको शिवपूजनबाट रावणमाथि विजय प्राप्त गर्नुभएको र भगवान् श्रीकृष्णले आफ्नो गुरूबाट शिवदीक्षा प्राप्त गरेर साम्वनामक पुत्र प्राप्त गर्नुभएको तथ्य शिववाङ्मयमा पाइन्छ ।

अतः ती सबै सामर्थ्य र अधिकार राख्ने सारा त्रिभुवनका स्वामी ब्रह्म सत्य हो, सधैं रहन्छ र आनन्दस्वरूप हो किनकि ऊ सबै प्राणीलाई आनन्द दिन्छ, सबैको कल्याण गर्दछ तर उसको आफ्नो शरीर छैन, विनाशवान् शरीरमा प्रवेश गरेर संसारको लीला गर्छ । त्यो खाली निर्मल ज्ञान स्वरूप हो, पूर्ण हो, उसको आदि, अन्त छैन । नित्य र अद्वितीय छ । एक भएर पनि अनेक रूपमा देखिन्छ ।

एको देवः सर्व भूतेषु गूढः सर्वव्यापी सर्व भुतान्तरात्मा
कर्माध्यक्षः सर्व भूताधिवासः साक्षी चेता केलो निर्गुणश्च ॥

स्वेता. ६/११

एकै परमात्मा सबै प्राणीहरूका भित्र रहेका छन् । सबैमा व्याप्त भइरहेछन् । सबै जीवहरूको भित्रका अन्तरात्मा हुन् । जे जति काम सृष्टिमा भइरहेछ, त्यसका नियन्ता उनै हुन् । सबै प्राणीहरूको भित्र बसेका छन्, सबै संसारका कार्यहरूलाई साक्षीरूपमा देख्ने चैतन्य, केवल एक छन् जसको कुनै स्वरूप छैन र गुणहरूको दोषले रहित छन् । जोबाट जगत्का सम्पूर्ण प्राणीहरू उत्पन्न भएका छन् तथा जसको अस्तित्वमा यी जीवित रहन्छन् र जसमा यी सबै गएर मिल्छन्, त्यसलाई ब्रह्म भनिन्छ । ब्रह्म सत्य, ज्ञान आनन्दस्वरूप छ । ब्रह्मलाई लक्षित गर्दै वेदका पृथक-पृथक शब्दहरू छन्-

प्रज्ञानं ब्रह्म तत्त्वमसि, अहं ब्रह्मास्मिं, अयमात्मा ब्रह्म, विज्ञान मानन्दं ब्रह्म सर्व अल्विदं ब्रह्म ....

बृहदारण्यकोपनिषद्मा (बृहदारण्यकोपनिषद् २१/३, ६)

याज्ञवल्क्यले भनेका छन्- ब्रह्मको पहिचान गर्न यो भन्दा सजिलो तरिका छैन कि ती ती अर्थात यो पनि होइन, यो पनि होइन भनी पन्छाउँदै गएपछि अन्तिममा जे बस्छ त्यही नै ब्रह्म हो ।

एउटै ब्रह्म सबै प्राणीभित्र रहेको हुन्छ । सबैमा व्यापक छ । आत्मा शरीरमा व्याप्त छ भने परमात्मा अन्त र वाह्य सबैतिरबाट व्याप्त छ । ब्रह्म नभएको कुनै स्थान छैन । यो सर्वत्र व्यापक छ, सूक्ष्म भन्दा सूक्ष्म, महान्भन्दा महान् छ । सबै प्राणीमा जुन चैतन्य छ, त्यही परमात्मा हो । यो चैतन्य सर्वत्र व्याप्त छ । त्यो विभिन्न भावमा देखिन्छ (श्रीदेवी भागवत् ३/७/१२) । ब्रह्म नामदेखि पर छ तैपनि व्यवहारको अवस्थामा उसलाई ॐकार भनी सम्वोधन गरिन्छ । ॐ पदले सगुण र निर्गुण ब्रह्मको प्रतिनिधित्व गर्दछ ।

ब्रह्मलाई उपासकहरूले स्तर अनुसार सगुण र निर्गुण देख्दछन् । आगोबाट धुवाँ निस्कन्छ तर धुवाँबाट आगो निक्लिँदैन, त्यसैले ब्रह्मबाट जगत् निस्कन्छ तर जगत् नै स्वयं ब्रह्म होइन । ब्रह्म नै जगत्को कारण हो । अतः चित्तको पछि नगालेर साक्षी चैतन्यको अनुभवमा रहिरहनु नै वास्तविक ध्यान हो । शिवको सम्झना हो । ब्रह्मप्रतिको निष्ठा हो, विश्वास हो । शिव ब्रह्ममा आत्मालाई लीन गराउनु नै 'शिवयोग' हुनसक्छ ।

ज्ञानं शिवमयं भक्ति शैवी ध्यान शिवात्मकम् ।
शैवव्रततं शिवर्चेति शिवयोगो हि पञ्च धा ॥

अर्थात् शिव ज्ञान, शिव भक्ति, शिव ध्यान, शिव व्रतमा रहनु नै वास्तविक शिव योग हो ।

शिवको ध्यान हृदयमा हुनुपर्दछ किनकि शिवको वास हृदयमा नै हुन्छ । शिव भन्नु नै साक्षत् चैतन्य स्वरूप हो । र जीव पनि स्वरूपबाट भिन्दै छैन । यदि भिन्दै भयो भने त चैतन्यस्वरूपमा नै रहँदैन । ईश्वर चैतन्यबाट जीव चैतन्य भिन्दै छैन । किनकि दुवै नै चैतन्यस्वरूप हुन् । निश्चय नै चिद् चैतन्य सदा सर्वदा एक नै छ ।

शिवलाई अर्धनारीश्वरका रूपमा पनि चित्रित गरिन्छ । शिव शक्ति पुरूष प्रकृति एकै हुन् । नारी र पुरूषको गुण एउटै शरीरमा समाहित भएको हुनाले अर्धनारीश्वरको रूपमा चिनिन्छ । सती वा पार्वती भन्नु कायिक अन्तर मात्र छ । वास्तवमा नारी शक्ति पार्वतीको लीलाको पूर्व रूप सतीको हो ।

महाकवि कालिदासले रघुवंश महाकाव्यको मङ्गलाचरणमा 'जगत पितरौ वन्दे पार्वती परमेश्वरौ' भनेर नमन गरेका छन् । यो अनादि प्रकृति पुरूष सम्बन्ध हो ।

यो प्रकृति पुरुष अथवा शिवशक्ति ॐकारमा एकिभूत भएर रहेका हुन्छन् । शिव नै ब्रह्म र ब्रह्म तत्त्व नै शिव तत्त्व हो ।

श्रीपशुपति ज्योतिर्लिङ्गको उत्पत्तिको सृष्टिको शुरूमा स्वयम्भु ज्योतिर्लिङ्गको उत्पत्ति भएको र त्यसको आदि र अन्त्य ब्रह्मा र विष्णुले थाहा पाउन नसकेपछि उनीहरू भगवान् शिवको शरणमा गएका थिए । त्यसपछि भगवान् शिवले उनीहरूलाई सृष्टि र पालना गर्न वरदान दिएको पाइन्छ । ब्रह्माले विष्णुको सहयोग लिएर शिलाको पाँच मुखे शिवलिङ्ग बनाएर श्रीपशुपतिनाथको ज्योतिर्लिङ्गलाई छोपिदिनुभएको हो भन्ने प्रसंग हिमवत्खण्डमा आएको छ । (हिमवत्खण्ड अध्याय ७७ श्लोक ३६-३८) । त्यसैले पशुपतिनाथलाई शिव शङ्कर, महादेव, किरातेश्वर, शम्भु, ज्योतिर्लिङ्ग आदि विभिन्न नामले सम्वोधन गरिन्छ ।

महाभारत कालमा युद्धको समाप्तिपछि हिमालय जाँदा पाण्डवहरूले प्रायश्चित स्वरूप पशुपतिनाथको पूजा गरेका र लिच्छवि वंशका पहिला राजा विक्रमादित्यको उपाधि धारण गरेर कैलाशाधिपतिको रूपमा पशुपतिनाथ र वज्रयोगिनीको तपस्या गरी शक्ति प्राप्त गरेर बत्तीसपुतलीमा आफ्नो सिंहासन कायम गरेका र उनैबाट कासीमा विश्वनाथको मन्दिर स्थापना गरिएको कुरा देवमाला वंशावली र हिमवत्खण्डमा उल्लेख छ । तेत्तीसकोटी देवी देवताहरूदेखि लिएर देवाधिदेव महादेवको समेत सप्रमाण अस्तित्व हाम्रो देश नेपालमा भेटिनुले यस देशको गरिमा गौरवको कुनै पनि मूल्याङ्कन गर्न सक्दैनौं, गर्वित हुनु बाहेक । नेपालमा अवस्थित भगवान् मन्दिर हामी सबै नेपालीको गौरवको विषय हो ।

नेपाली संस्कार, सभ्यता र परम्परामा शिव संस्कृति अभिन्न रूपमा स्थापित भएर आएको छ । शिव आत्मविश्वास हो । शिवशक्ति अनुभूतिले आत्मबल मजवुत बनाउँछ । उनैको शक्तिको अनुभवद्वारा हामी काम क्रोध, लोभ, मोह, अहंकार जस्ता विकास माथि विजय प्राप्त गरेर कर्मेन्द्रिय जीत वा स्वराज अधिकारी याने आफूलाई व्यवस्थित गर्न सक्छौं । त्यही अवस्था नै हाम्रो शिवतर्फ लागेको जीवन हो । शिव नै त्यहाँ शक्तिको प्रतीक हो ।

भानुप्रियाय भव सागरतारणाय
कालान्तकाय कमलासन पुजिताय
नेत्रत्रयाय शभ लक्षयलक्षिताय
दरिद्रय दुःख दहनाय नमः शिवाय । (महर्षि वशिष्ठ विरचितं)

स्वयं प्रकाशित हुने, भवसागरबाट उद्धार गर्ने काललाई पनि आफूभित्र विलय गर्नु महाकाल स्वरूप ब्रह्माद्वारा पूजित, सोम, सूर्य र अग्नि रूप तीन नेत्र भएका शुभ लक्षणले युक्त दारिद्ररूपी दुःखलाई नष्ट गर्ने शिवलाई नमस्कार छ । कोटी कोटी नमस्कार छ ।❖

-बत्तीसपुतली, काठमाडौं

सन्दर्भ सामग्री
१ श्रीमद्भागवत् महापुराण, गोरखपुर र गीता प्रेस, वि.सं. २०६५
२. शिवपुराण
३. कल्याण शिवोपासनाङ्क
४. स्कन्दपुराण ब्रह्मोत्तर खण्ड
५. भारतीय दर्शन सरल विवेचन- राजकिशोर सिंह ।

साउन महिनाका पर्व तथा विदा

१ गते कर्कट सङ्क्रान्ति / लुतो फाल्ने दिन/थारू गुरिया पर्व/दक्षिणायन आरम्भ,
२ गते हरिशयनी एकादशी व्रत (तुलसी रोप्ने)/चतुर्मास व्रत आरम्भ,
३ गते प्रदोष व्रत,
५ गते पूर्णिमा व्रत,
६ गते गुरू पुर्णिमा व्रत/व्यास जयन्ती,
११ बीतक कथा प्रारम्भ,
१३ गते गोरखकाली पूजा,
१५ गते खीर खाने दिन,
१६ गते कामिका एकादशी व्रत,
१७ गते प्रदोष व्रत,
१८ गथांमुगः चःह्रे,
२१ गते गुँलापर्व आरम्भ,
२३ गते वराह जयन्ती,
२५ गते नाग पञ्चमी व्रत,
२६ गते कल्की जयन्ती,
२७ गते रविसप्तमी व्रत/तुलसीदास जयन्ती,
२८ गते गोरखकाली पूजा,
३२ गते पुत्रदा एकादशी व्रत,

कोटिहोम महायज्ञ भनेको के हो ?

किन र कसरी गर्ने ?

प्रा. भवानीप्रसाद खतिवडा

यज्ञ शब्दको व्युत्पत्ति र अर्थ

पाणिनीय व्याकरण अनुसार पुज्यन्ते देवता अत्र अर्थात् जहाँ देवताहरूको पूजा गरिन्छ भन्ने व्युत्पत्ति अनुसार यज= देवपूजा, सङ्गतिकरण र दानार्थक यज धातुदेखि नङ् प्रत्यय भएर निष्पन्न यज्ञ शब्दको अर्थ हुन्छ । जहाँ देवताहरूको पूजा, सङ्गतिकरण र दान गर्ने गराउने कर्म हुन्छ, त्यसैको नाम यज्ञ हो । यही व्युत्पत्ति अनुसार मत्स्य पुराणमा यज्ञको परिभाषा यसरी गरिएको छ –

देवानां द्रव्यहविषां ऋक्सामयजुषां तथा ।

ऋत्विजां दक्षिणानाञ्च संयोगो यज्ञ उच्यते ॥ (मत्स्य पुराण)

देवता, हवनीय द्रव्य, ऋग्, यजु, सामादि वेदमन्त्र, ऋत्विक्गण तथा दक्षिणा यी पाँच समूहको संयोगलाई यज्ञ भनिन्छ । वेद, ब्राह्मणग्रन्थ, आश्वलायन, आपस्तम्ब र पारस्कर गृह्यसूत्र आदि ग्रन्थहरूमा यज्ञका अनेक भेद वताइएका छन् । हविर्यज्ञसंस्था, सोमयज्ञसंस्था र पाकयज्ञसंस्था गरी यज्ञका तीन संस्था मुख्य छन् । उपर्युक्त तीनै संस्थाको अर्थ सर्वजन हिताय सर्वजन सुखाय गरिने सत्कर्म नै हो भन्ने बुझ्नु पर्दछ ।

प्राज्ञिक जगत्मा सबैभन्दा जेठो मानिएको ज्ञानराशि ऋग्वेदले यज्ञलाई 'अयं यज्ञो भुवनस्य नाभि' अर्थात् यज्ञ भनेको तीन लोक चौध भुवनलाई सञ्चालन गर्ने नाभि (केन्द्रविन्दु) हो भनेको छ । अथर्ववेद १०/९० ले पनि यज्ञलाई यो सम्पूर्ण चराचर जगत्को मुख्य मेरूदण्ड नै मानेको छ । किनकि यज्ञ भनेको साक्षात् भगवान् विष्णुको विग्रह हो । यस विषयमा शतपथब्राह्मणको उद्घोष छ– 'यज्ञो वै विष्णुः' अर्थात् यज्ञ भनेको साक्षात् विष्णुकै स्वरूप हो । यसैगरी विष्णु भगवान्का हजार नाम मध्ये एउटा नाम यज्ञ पनि हो । जस्तै 'यज्ञ इज्यो महेज्यश्च क्रतुः सत्रं सतां गतिः' अमर कोषमा पनि 'पुराणपुरुषो यज्ञपुरुषो नरकान्तकः' भनेर यज्ञपुरूषको रूपमा भगवान् विष्णुको नाम उल्लेख भएको छ । उपर्युक्त श्रुति, स्मृति, कोष आदि प्रमाण वचनबाट के स्पष्ट हुन्छ भने यज्ञ भनेको साक्षात् भगवान् विष्णुको विग्रह नै हो । त्यस कारण यज्ञ गर्दा सदैव भगवद्भावले गर्नु पर्दछ । केवल भौतिक भावले मात्र गरेर हुदैन । अपितु साक्षात् भगवान् कै आराधना गर्दैछु भन्ने भाव हुनु पर्दछ ।

कोटिहोम भनेको के हो ?

हाम्रा पूर्वाचार्य ऋषि महर्षिहरूले विशेष गरेर यज्ञलाई जपात्मक, पाठात्मक, अभिषेकात्मक र हवनात्मक गरी जम्मा चार भागमा विभक्त गर्नुभएको छ । जसमध्ये कर्ताको सङ्कल्प अनुसार ब्रह्मगायत्री, विष्णुगायत्री, शिवपञ्चाक्षरी मन्त्र आदिद्वारा एक करोड पच्चीस लाख पटक हवन, त्यसको दश प्रतिशत तर्पण, तर्पणको दश प्रतिशत मार्जन, मार्जनको दश प्रतिशत ब्राह्मण भोजन गराएर सम्पन्न गरिने महायज्ञलाई कोटिहोम भनिन्छ ।

कोटिहोम किन गर्ने ?

यस विषयमा भविष्य पुराणमा राजा संवरण र सनत्कुमारको सम्बाद प्रसिद्ध छ । एकदिन सनत्कुमार घुम्दै राजा सम्वरणका राज्यमा आउनु भयो । ऋषि आएको देखेर राजाले स्वागत सत्कार गर्दै उच्च आसनमा राखेर सोध्नु भो कि–

भगवन्महदुत्पाते संभवे भूप्रकम्पने ।

निर्घाते पांशुवर्षे च गृहभङ्गे तथैव च ।

जन्म–नक्षत्र–पीडासु अनावृष्टिभयेषु च ।

ज्वरेषु ग्रहपीडासु दुर्भिक्षे राष्ट्रविग्रहे ॥
व्याधिनां संभवे जाते शरीरे चातिपीडिते
क्लेशे महति चोत्पन्ने किं कर्तव्यं नरोत्तमैः । -१४२

हे भगवन् ! राष्ट्रमा महान् उत्पात भएमा, भूकम्प, वज्र पात, पांशुवृष्टि, गृहभङ्ग, जन्म-नक्षत्रद्वारा जनताहरू पीडितभएमा, अतिवृष्टि,अनावृष्टि, आध्यात्मिक, आधिदैविक, आधिभौतिक, त्रिविध तापद्वारा जनताहरू अशान्त भएमा, ग्रहपीडा, दुर्भिक्ष, राष्ट्र विग्रह, आधि, व्याधिद्वारा जनताहरू अतिपीडित भएर राष्ट्रमा ठुलो विपत्ति उत्पन्न भएमा राष्ट्र शान्तिका लागि असल मनुष्यहरूले के गर्नुपर्छ गुरू देव ? भनेर सोधे पछि सनतकुमारले भन्नु भयो -

श्रृणुराजन्प्रवक्ष्यामि शान्तिकर्म ह्यनुत्तमम् ।
कोटिहोमाख्यमतुलं सर्वकामफलप्रदम् ।
ब्रह्महत्यादिपापानि येन नश्यन्ति तत्क्षणात् ।
उत्पाताः प्रशमं यान्ति महत्सम्पयते सुखम् ॥

-भविष्य पुराण १४२।११-१२

हे राजन् ! एकाग्र चित्त भएर सुन ! सम्पूर्ण कामना अनुसारको फल प्रदान गर्ने कोटिहोम जस्तो महायज्ञ गर्नाले ज्ञात अज्ञात अवस्थामा गरिएका सम्पूर्ण ब्रह्म हत्या आदि पापहरू तत्काल नाश हुन्छन् र राष्ट्रमा हुने विभिन्न उत्पातहरू शान्त हुनुका साथसाथै राष्ट्रमा सद्य शान्ति हुन्छ ।

यस्ता यज्ञ महायज्ञ गर्दा आगोमा अन्न जलाएर भष्म गर्नु भन्दा दुःखी गरिवहरूलाई खान लाउन दिनु राम्रो होइन र ? भन्ने यस्ता अनेकौं प्रश्नहरू यस भौतिक जगतमा विद्यमान मानव मस्तिष्कमा उठ्न सक्छन् । तर यस विषयमा गम्भीर भएर चिन्तन, मनन गर्दा के कुरो स्पष्ट हुन्छ भने शुद्ध गाईको घिउमा तिल जौ र हवनीय वनस्पति द्रव्य मिलाएर प्रज्वलित अग्निमा हवन गरेपछि उत्पन्न हुने जुन धुवाँ छ, त्यस धुवाँले वातावरण र खगोलीय पर्यावरण जोगाउन आकाशमा विद्यमान ओजोन तह (सूर्यको विकिरणबाट पृथ्वीको सतहलाई बचाउने एक प्रकारको आवरण)मा रहेको विषाक्त हानिकारक वस्तुलाई हटाएर शुद्ध र स्वच्छ अक्सिजन दिएर प्राणी मात्रलाई बाँच्न र बचाउन अत्यधिक महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ भने त्यो अन्नको सूक्ष्म दिव्य तत्त्वले पञ्च तत्त्वका अनुग्राहक देवता लगायत जुन जुन देवताहरूलाई उद्देश्य गरेर हवन गरिएको छ त्यो हविले तत्तदेवताहरूलाई तृप्ति प्रदान गर्दछ । यस भनाइलाई वर्तमान कालिक वैज्ञानिकहरूले अग्निहोत्र विश्वविद्यालय वासिङ्टन डी.सी.मा प्रयोग र परीक्षण गरेर प्रमाणित गरिसकेका छन् कि सामान्य धुलो र धुँवाले दम, छातीको रोग, श्वास नलीमा अवरोध पुऱ्याउनु आदि अनेकौँ रोगहरूलाई निम्त्याउँदो रहेछ । तर विधिपूर्वक वैदिक, पौराणिक अथवा तान्त्रिक मन्त्रोच्चारण गर्दै हवन गरिएका यज्ञ कुण्डबाट प्रकट भएका धुवाँले भने त्यस्तो नकारात्मक असर पार्दो रहेनछ । अपितु सकारात्मक उर्जा उत्पादन गरेर ओजोन तहको बिषालु तत्त्वलाई नष्ट गरी पर्यावरण शुद्ध पार्दो रहेछ भन्ने कुरालाई वैज्ञानिक हरूले पनि प्रमाणित गरेका छन् ।

यसरी वर्तमान युगका वैज्ञानिकहरूले पनि प्रमाणित गरेपछि अमेरिका, जापान, वेलायत, चीन आदि जस्ता विकसित मुलुकमा पनि विस्तारै यस्ता लक्षहोम, महालक्षहोम कोटिहोम जस्ता महायज्ञहरू गर्नु पर्ने रहेछ भन्ने सकारात्मक सोचको सिर्जना हुन थालेको छ । यहीं पनि राम्ररी अध्ययन एवम् अनुसन्धान गर्ने हो भने हवन कुण्डबाट प्रकट भएका धुवाँले मानव जीवनमा सकारात्मक प्रभाव पारेका उदाहरणहरू प्रशस्त उपलब्ध हुन्छन् । जस्तै ठूला ठूला अग्नि होत्रीहरू हवन गर्दा उत्पन्न भएका धुवाँले भरिएका यज्ञशालामा खरानी घसेर धेरै समयसम्म धुवाँमा बस्दा पनि निरोगी एवम् दीर्घजीवी भएका र अनावृष्टि(पानी नपरेको) भएको समयमा यज्ञ गर्दा पानी बर्षा भएका उदाहरणहरू यस आर्यावर्त भूमिमा प्रशस्तै छन् ।

अतः हवनगर्दा उत्पन्न भएका धुवाँले सिधै ओजोन तहको प्वाल टाली त्यहाँबाट बर्षिरहेका एसिड्लाई रोकेर ती सामान्य प्राणी लगायत सम्पूर्ण ईन्द्रादि देवताहरूलाई समेत सामान्य भोजनबाट प्राप्त हुन नसक्ने दिव्य तृप्ति प्रदान गर्छ भनेर नै प्राचीन ऋषि महर्षिहरूले लक्षहोम, महालक्षहोम, कोटिहोम रूद्री, लघुरूद्री, महारूद्री, अतिरूद्री, शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी, सप्ताह, नवाह आदि जस्ता महायज्ञ यागादिको विधान गरेका हुन् । अतः यस्तो विशाल दृष्टिले सर्वलोक हिताय सर्वजन सुखाय विधान

गरेका यज्ञ यागादिलाई तुच्छ भौतिक दृष्टिले हेरेर किन यति राम्रो घिउ चामल आगोमा हालेर डढाएको ? भन्दै यज्ञको उपेक्षा गर्नु भनेको आफ्नो अल्पज्ञतालाई प्रकट गर्नु मात्र हो भन्दा अतिसयोक्ति नहोला । किनकि

अग्नौ प्रास्ताहुतिः सम्यगादित्यमुपतिष्ठते ।

आदित्याज्जायते वृष्टिर्वृष्टेरन्नं ततःप्रजाः ॥ -मनु ३।७६

अग्निमा हवन गरिएको आहूतिको सूक्ष्म अंश सूर्य मण्डलमा गएर रहन्छ । कालान्तरमा त्यही आहूति वृष्टिरूपमा परिणत भएर बर्षाकालमा बर्षन्छ । वृष्टिबाट अन्न र अन्नबाट प्रजाहरू उत्पन्न हुन्छन् । यही कुरा श्रीमद्भगवद्गीतामा पनि भगवान् श्रीकृष्ण भन्नु हुन्छ -

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसम्भवः ।

यज्ञाद्भवति पर्जन्यो यज्ञःकर्मसमुद्भवः ॥ -गीता ३।१४

अन्नबाट मनुष्यादि प्राणी जन्मन्छन् । पर्जन्यबाट अन्न उब्जन्छ । यज्ञबाट पानी पर्छ । यज्ञ वेदोक्त कर्मबाट सिद्ध हुन्छ । यस भनाइलाई अनुसन्धान गर्दै जाँदा आजकलका आधुनिक वैज्ञानिक विद्वान्हरू पनि यज्ञ भनेको एउटा दैवी शक्तिसम्पन्न पानी बर्षाउने शास्त्रीय उपाय हो भन्ने कुरामा विश्वस्त छन् । यस्ता ठूला ठूला कोटिहोम महालक्षहोम, लक्षहोमबाट प्रकट हुने धुवाँमा मेघमण्डलमा मिलेर ओजोन तहलाई शुद्ध गर्दै जल बर्षा गर्ने दैवी शक्ति हुन्छ । त्यस कारण श्रद्धापूर्वक यज्ञ गर्ने हो भने यज्ञले यज्ञकर्ता(समाज)ले चिताएको सबै कुरा सद्य पुरा गर्दछ । तसर्थ यस्ता लक्षहोम, महालक्षहोम, कोटिहोम, शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी, महारूद्री, अतिरूद्री सप्ताह, नवाह आदि महायज्ञहरू राष्ट्रप्रमुख (राज्यसञ्चालक) अर्थात् नेतृत्व पङ्क्तिमा आबद्ध भएका व्यक्तिहरूले गर्दै गर्नु पर्दछ । राज्यसञ्चालकले यस्ता यज्ञ यागादि नगर्दा के हुन्छ त ? भन्ने सन्दर्भमा श्रीमद्भागवतको भनाइ छ–

य उद्धरेत् करं राजा प्रजा धर्मेष्वशिक्षयन् ।

प्रजानां समलं भुङ्क्ते भगं च स्वं जहाति सः ॥

-श्रीमद्भा०४।२१।२४

जो राज्य सञ्चालक भएर उपर्युक्त यज्ञको माध्यमबाट जनतालाई धर्ममा नलगाई जनताबाट कर लिएर आफू मात्र खान्छ अर्थात् भौतिक सुखसुविधामा मात्र प्रयोग गर्छ भने त्यसले ती जनताले गरेको पाप खान्छ र आफ्नो यश, ऐश्वर्य, मान, सम्मान सबै गुमाउँछ । त्यसकारण समय समयमा नेता जनता सबै सहभागी भएर सामुहिक रूपमा समय समयमा कोटिहोम लक्षहोम शतचण्डी सहस्रचण्डी अयुतचण्डी लघुरूद्री महारूद्री अतिरूद्री सप्ताह, नवाह आदि महायज्ञहरू गर्दै गर्नुपर्छ । यसो गर्नाले ओजोन तहको प्रदूषण समाप्त हुनुका साथसाथै नेता जनताका सम्पूर्ण पाप, ताप सन्तापहरू सबै नाश हुन्छन् र राष्ट्रमा, समाजमा, परिवारमा सदा शान्ति हुन्छ । सम्पूर्ण व्यक्ति वा समाजलाई र देवताहरूलाई समेत एक सूत्रमा आवद्ध गर्ने महत्त्वपूर्ण साधन भनेका यज्ञ यागादि महोत्सवहरू नै हुन् । यस विषयमा भगवान् श्रीकृष्णको भनाइ छ -

देवान्भावयताकनेन ते देवा भावयन्तु वः ।

परस्परं भावयन्तः श्रेयःपरमवाप्स्यथ ॥ -गीता ३।११

हे प्रजा हो ! यो यज्ञ, यागादि धर्म गरेर इन्द्रादि देवताहरूलाई सन्तुष्ट गर अनि ती देवताहरूले तिमीहरूलाई सन्तुष्ट गर्ने छन् । यस प्रकारको परस्परको सन्तुष्टिको आदानप्रदानद्वारा तिमीहरू दुवै समूहलाई परमश्रेय प्राप्त हुनेछ । यसरी विचार गर्दा यज्ञ देवता र मनुष्य बीच उर्जा आदानप्रदान गर्ने माध्यम हो भन्ने कुरा स्पष्ट हुन्छ । यसरी देवता र मनुष्य बीच सुमधुर सम्बन्ध कायम गरे जस्तै यज्ञले नेता र जनता बीच सुमधुर सम्बन्ध कायम गर्ने हुनाले, म धर्मनिरपेक्षवादी हुँ, भन्ने अभिमान एवम् घमण्ड नगरिकन नेता जनता सबै मिलेर समय समयमा यस्ता सामुहिक यज्ञ, महायज्ञहरू गर्दै गर्नु पर्दछ । अनिमात्र यज्ञपुरूष भगवान्ले सबैको कल्याण गर्नु हुन्छ र राष्ट्रमा सदा शान्ति हुन्छ । किनकि धर्मो रक्षति रक्षितः हामीहरूले धर्मको रक्षा गर्यौं भने मात्र धर्मले हाम्रो रक्षा गर्दछ । त्यस कारण सर्वजन हिताय सर्व जन सुखाय यस्ता महायज्ञरूप सत्कर्म गर्दै गर्नुपर्दछ ।

कोटिहोम, महालक्षहोम आदि महायज्ञहरू कसरी गर्ने ?

कुनै पनि कार्य गर्ने इच्छा भएपछि कुनै पनि व्यक्ति वा संस्थाले सर्वप्रथम ज्योतिष एवम् धर्मशास्त्रका ज्ञाता गुरूहरूको परामर्श अनुसार मुहूर्त निर्धारण गर्नु पर्दछ । दैवज्ञं तु समाहूय मुहूर्तं पृच्छ्य यत्नतः(भागवत महात्म्य ६।३) यदि मुहूर्तको विषयमा सन्देह भयो भने पञ्चाङ्ग निर्णायक विकास समिति तथा सनातन विद्वत्परिषद् नेपाल

काठमाडौंसँग परामर्श लिनुपर्छ । धर्मशास्त्रले निषेध गरेको समयमा अर्थात् बृहस्पति अस्त, शुक्र अस्त, मलमास, क्षयमास, विश्वघस्र पक्ष आदि निषिद्ध समयमा कोटिहोम, लक्षहोम, सप्ताह, नवाह आदि कुनै पनि काम्य कर्म गर्नु हुँदैन । यस विषयमा मुहूर्तचिन्तामणिमा उपर्युक्त निषिद्ध समयमा गर्नु नहुने कर्मको उल्लेख यस प्रकार गरिएको छ –

वाप्याराम तडाग कूप भवनारम्भप्रतिष्ठे व्रता–
रम्भोत्सर्ग बधूप्रवेशन महादानानि सोमाष्टके ॥
गोदानाग्रयण प्रपा प्रथमकोपाकर्म देवव्रतं ।
नीलोद्वाहमथातिपन्न शिशुसंस्कारान् सुरस्थापनम् ॥
दीक्षा–मौञ्जि– विवाह– मुण्डनमपूर्वदेवतीर्थेक्षणम् ।
संन्यासाग्नि परिग्रहौ नृपतिसन्दर्शाभिशेकौ गमम् ।
चातुर्मास्यसमावृती श्रवणयोर्वेदं परीक्षां त्यजेत्
वृद्धस्त्वास्त शिशुत्व इज्य सितयोन्यूनाधिमासे तथा ।

अर्थात् वापी सिंडी चढेर तलमाथि गर्नमिल्ने तलाउ, बगैंचा, सामान्य तलाउ, कुवा र इनार खन्ने काम, घरको आरम्भ, प्रतिष्ठा, व्रतको आरम्भ, व्रतको समापन, वधूप्रवेश, महादान, सोमयाग, सप्ताह, नवाह आदि कुनै पनि पुराणको काम्य अनुष्ठान, लक्षहोम, महालक्षहोम, कोटिहोम, शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी, लघुरूद्री, महारूद्री, अतिरूद्री आदि यज्ञ, अष्टका श्राद्ध, गोदान, नवान्नप्रासन, जलाशय, पहिलोपटक श्रावणीकर्म, देवव्रत, काम्य वृषोत्सर्ग, अतिपन्न शिशुसंस्कार अर्थात् बालकको जातकर्म, नामकरण, अन्नप्राशन आदि संस्कार मुख्य समयमा नभएर जुराएर गर्नुपर्ने कर्म, देवताको प्रतिष्ठा, दीक्षाग्रहण, छोराको व्रतबन्ध, छोरा-छोरीको विवाह, चूडाकर्म (छेवर) पहिलोपटक देवदर्शन (तीर्थ यात्रा) संन्यास ग्रहण, अग्नि होत्रारम्भ, पहिलोपटक राजद त्यसकारण कुनै पनि काम्य कर्म गर्दा कालशुद्धि (साइत जुराएर) गरेर मात्र कार्यको शुभारम्भ गर्नुपर्छ किनकि —

यः शास्त्र विधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् । -गीता १६।२३

जसले शास्त्रविधिलाई परित्याग गरेर आफ्नो इच्छानुसार कर्म गर्दछ, त्यसलाई यस लोकमा सिद्धि पनि प्राप्त हुदैन, सुख पनि हुँदैन र मोक्षरूप परमगति पनि प्राप्त हुदैन ।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्मकर्तुमिहार्हसि ॥ -गीता १६।२४

शास्त्रको विधिलाई उल्लङ्घन गरेर कर्म गर्ने व्यक्तिको यो लोक र परलोक दुवै भ्रष्ट हुन्छ । त्यसकारण कुन समयमा कुन कर्म गर्नु हुन्छ, कुन कर्म गर्नु हुँदैन भन्ने विषयमा शास्त्र नै प्रमाण छ । अतः यस कर्मभूमिमा कर्म गर्दा शास्त्रले विधान गरे अनुसार कर्म गर्नु पर्दछ, भनेर भगवद्गीतामा स्वयं भगवान्ले नै निर्देशन गर्नुभएको छ । त्यसकारण कुनै पनि काम्य कर्म गर्दा कर्तृशुद्धि, कालशुद्धि र द्रव्यशुद्धि गरेर मात्र कर्म गर्नु पर्दछ । किनकि यसरी कालशुद्धि गरेर अर्थात् ज्योतिष एवम् धर्मशास्त्र जानेका विद्वान् गुरूद्वारा साइत जुराएर शुभ समयमा कर्ता शुद्ध भएर गरिएका यज्ञहरूले मात्र विश्वशान्ति गर्न समर्थ हुन्छन् ।

कर्ता शुद्ध हुनु भनेको के हो ?

कर्ता शुद्ध हुनु भनेको कर्म गर्ने कर्ता र कर्म गराउने आचार्य दुवै समूह आचारवान् हुनु हो । वर्तमान वैज्ञानिक युगमा विज्ञानद्वारा आविष्कार गरिएका हितकारक उपयोगी भौतिक साधनहरूको सदुपयोग गर्दै सनातन वैदिक धर्म, मर्यादा, संस्कार, संस्कृति र प्राचीन सभ्यताको संरक्षण र सम्बर्द्धन गर्नु हाम्रो परम कर्तव्य हो । उपर्युक्त परम कर्तव्य परिपालन गर्ने सन्दर्भमा वैदिक सनातन धर्मानुयायी महानुभावहरूले कुनै पनि नित्यकर्म, नैमित्तिककर्म, प्रायश्चित एवम् काम्यकर्म गर्दा आचारसम्पन भएर गर्नु पर्दछ । किनकि –

वेदो वा हरिभक्तिर्वा भक्तिर्वापि महेश्वरे ।
आचारात्पतितं मूढं न पुनाति द्विजोत्तम !
पुण्याश्रमाभिगमनं पुण्यतीर्थनिषेवणम् ।
यज्ञो वा विविधो ब्रह्मन् त्यक्तचारं न रक्षति ॥

-बृहन्नारदीय पु० १४।२५-२६

आचार त्याग गर्ने व्यक्तिलाई वेदले, हरिभक्तिले, शिव भक्तिले पवित्र आश्रममा जानाले, तीर्थ यात्रा गर्नाले र विविध प्रकारका यज्ञहरूले पनि पवित्र गर्न सक्दैनन् अर्थात् रक्षा गर्न सक्दैनन् ।

आचाराल्लभते ह्यायुराचारादीप्सिताः प्रजाः ।
आचाराद्धनमक्षय्यमाचारो हन्त्यलक्षणम् ॥ -मनु ४।१५६

आचारले आयु बढ्दछ, आचारले नै इच्छा गरेजस्ता राम्रा राम्रा सन्तान प्राप्त हुन्छन् । आचारद्वारा धन प्राप्त हुन्छ । आचारले नै अशुभ फलसूचक अनिष्टको नाश हुन्छ ।

आचारहीनं न पुनन्ति वेदा यद्यपिधीताः सहसड्भिरङ्गैः ।

छन्दांस्येनं मृत्युकाले त्यजन्ति नीडं सकुन्ता इव जातपक्षाः

–श्रीमद्देवीभागवत ११।२।१

शिक्षा, कल्प, व्याकरण, निरूक्त, छन्द, ज्योतिष यी छ प्रकारका वेदका अङ्गहरूले सहित अध्ययन गरिएका वेदले पनि आचारहीन व्यक्तिलाई पवित्र गर्न सक्तैनन् । त्यस्ता आचारहीन व्यक्तिलाई वेदहरूले अन्त्य समयमा त्यसरी नै त्यागी दिन्छन् जसरी प्वाँख उम्रेका पक्षीले आफ्नो गुँड छाडिदिन्छन् ।

आचारः परमो धर्मो नृणां कल्याण कारकः ।

इह लोके सुखी भूत्त्वा परत्र लभते सुखम् । –देवीभा०११।१।११

मनुष्यको कल्याण गर्ने आचार नै परम धर्म हो । आचारवान् व्यक्ति बाचुन्जेल यस लोकमा सुखपूर्वक रहन्छ र मृत्यु पश्चात परलोकमा समेत उसले दिव्य सुख प्राप्त गर्दछ ।

आचारात् प्राप्यते श्रैष्ठ्यमाचारात् कर्म लभ्यते ॥

कर्मणो जायते ज्ञानमिति वाक्यं मनोः स्मृतम् । –मनु ११।१।१३

आचारबाट श्रेष्ठता प्राप्त हुन्छ, आचारबाट नै ठूला ठूला यज्ञ यागादि कर्मगर्ने प्रवृत्ति हुन्छ र यसरी आचारवान् भएर गरेका कर्मबाट चित्त शुद्ध भएपछि तत्त्वज्ञान हुन्छ भन्ने कुरा मनुले पनि बताएका छन् । अतः जसले आचार विषयक शास्त्रीय मर्यादालाई बिर्सिएर नित्यकर्मसम्म पनि नगरी स्वेच्छाचारी भएर वेदादि शास्त्रीय वचनको उपहास गर्दछ, व्रत, उपवास आदि केही गर्दैन, अरूले गरेका उत्तम कर्मको निन्दा गर्दछ भने त्यस्ता व्यक्तिले आफूभन्दा अघिका सातदेखि दशपुस्तासम्मका पितृहरूलाई र आफूभन्दा पछिका सातदेखि दशपुस्तासम्मका सन्ततिहरूलाई समेत धुम्रान्ध नामक नरकमा पुऱ्याउँछ र आफू पनि धुवाँ र अन्धकारले भरिएका नरकमा बस्न बाध्य हुनुपर्छ, भन्ने कुरा देवी भागवतमा यसरी स्पष्ट लेखिएको छ–

पूर्वान् सप्तापरान् सप्तपुरुषान् हन्ति चात्मनः ।

नित्यक्रिया विहीनश्च जडत्वेन युतो द्विजः ॥

यस्य नास्था वेदवाक्ये

मन्दं हसति सन्ततम् ।

व्रतोपवासहीनश्च सद्वाक्य परनिन्दकः ।

पातयित्वा स पुरुषान् दशपूर्वान् दशापरान् ।

सोऽयं याति च धूम्रान्धं धूम्रध्वान्त समन्वितम् ।

त्यसकारण सदैव सर्वत्र यज्ञ गर्ने कर्ता र गराउने आचार्य दुवै समुहले सदाचारवान् भएर कर्म गर्नु पर्दछ ।

६ कुनै पनि यज्ञ यागादि गर्दा शिवोपासना अनिवार्य किन ?

यसै सन्दर्भमा विचारणीय कुरा यो छ कि शिवस्य हृदयं विष्णुः विष्णोश्च हृदयं शिवः **अर्थात् विष्णुको हृदय शिव र शिवको हृदय विष्णु भएको हुनाले भगवान् शिवलाई प्रधान देवता मानेर अनुष्ठान गरेका यज्ञमा विष्णुको र विष्णु भगवान्लाई प्रधान मानेर अनुष्ठान गरेका यज्ञमा शिवको पूजा अवश्य हुनुपर्दछ । शिव शब्दको अर्थ नै कल्याण हो । त्यसकारण व्यक्ति, परिवार, समाज र राज्यको समेत सदैव सर्वत्र कल्याण चाहने व्यक्ति वा समाजले शिवोपासना गर्नु अनिवार्य हुन्छ । शिवोपाससँग सम्बन्धित रूद्राष्टाध्यायी पाठको परम्परा सनातन परम्परा हो ।**

रूद्राष्टाध्यायीको पाठ तीन प्रकारको हुन्छ । पाठात्मक, हवनात्मक र अभिषेकात्मक । अर्थात्ः शतरुद्रीयं जुहोति **भन्ने शतपथ ब्राह्मणको वचन अनुसार शतरूद्रीय मन्त्रहरूले हवनात्मक अनुष्ठानको विशेष विधान गरेको भएतापनि कुण्ड, हवि र स्वाहान्त मन्त्रहरूको प्रयोग श्रम साध्य भएको हुनाले नेपालमा अभिषेकात्मक रूद्री पाठको नै अधिक प्रचलन पाइन्छ । शिवोपरि जलधारा गर्दै शतरूद्रीय मन्त्रहरू पाठ गर्नु अभिषेकात्मक, स्वाहान्त मन्त्रहरूको उच्चारण गर्दै हवनगर्नु हवनात्मक र जलधारा एवम् होम समेत नगरी केवल पाठ मात्र गर्नुलाई पाठात्मक रूद्री भनिन्छ ।**

षट्षष्ठिनीलसूक्तञ्च पुनः षोडशमेव च ।

एष ते द्वे नमस्ते द्वे नतंविद्वयमेव च ।

मीढुष्टमेति चत्वारि वयं सोमाष्टमेव च ।

वेदवादिभिराख्यातमेतद्वै शतरुद्रियम् ॥

यही कारिका (श्लोक)ले विधान गरे अनुसार

शतरूद्रीय मन्त्रहरू ६ अङ्ग सहित एक आवृत्ति पाठ गर्दा षडङ्ग रूद्री हुन्छ । ६ अङ्ग भन्नाले शिवसङ्कल्पसूक्त सहितको प्रथम अध्याय हृदय, पुरूषसूक्त शिर, उत्तरनारायण सूक्तका छ मन्त्र शिखा, आशुः शिशान आदि तेस्रो अध्याय (इन्द्रसूक्त)कवच, विभ्राट् इत्यादि चौथो, अध्याय(सूर्यसूक्त) नेत्र र नमस्ते आदि गरिएका सोह्र मन्त्र अस्र गरी जम्मा छ अङ्ग मानिएका छन् । यी छ अङ्ग सहित नीलसूक्त पाचौं अध्याय र बीचमा पुनः नमस्ते आदि सोह्र मन्त्र एवम् महच्छिर नामक छैठौं अध्याय पढेपछि एक रूद्र पाठ हुन्छ । उपर्युक्त छ अङ्ग सहित एघार पटक रूद्र पाठ गर्दा षडङ्ग रूद्री हुन्छ । यस्तै एघार षडङ्ग रूद्री अर्थात् १२१ आवृत्ति शतरूद्रीय मन्त्रहरू पाठ गर्दा लघुरूद्री हुन्छ । एघार लघु रूद्री अर्थात् १३३१ पटक शतरूद्रीय मन्त्रहरू पाठ गर्दा महाँरूद्री र एघार महारूद्री अर्थात् १४६४१ आवृत्ति शतरूद्रीय मन्त्रहरू पाठ गर्दा अतिरूद्री हुन्छ । यी पाँचथरी रूद्री पाठहरू उत्तरोत्तर श्रेष्ठ छन् भन्ने कुरा रूद्रकल्पद्रुममा यसरी वर्णन गरेको छ –

रुद्राः पञ्चविधाःप्रोक्ता देशिकैरुत्तरोत्तरम् ।
अङ्गस्त्वाद्यो रूपकाख्यः सशीर्षो रुद्र उच्यते ॥
एकादशगुणैस्तद्वद् रुद्रीसंज्ञो द्वितीयकः ।
एकादशभिरेताभिस्तृतीयो लघुरुद्रकः ।
लघ्वेदशभिरेताभिस्तृयो लघुरुद्रकः ॥
लघ्वेकादशभिः प्रोक्तो महारुद्र श्चतुर्थकः ।
पञ्चमस्यान्महारुद्रैरेकादशभिरन्तिमः ।
अतिरुद्रः समाख्यातः सर्वेभ्यो ह्युत्तमोतमः ॥

कर्ताको कामना अनुसार शतरूद्रीय मन्त्रहरूले रूद्राभिषेक गर्ने विधान पनि यस प्रकार छ । जलधाराद्वारा अभिषेक गर्नाले जलवृष्टि र ज्वरादि रोगशान्ति हुन्छ । पशुधनको इच्छा भएमा दहीले स्नान गर्ने । पुत्र प्राप्ति, रोगशान्ति, दीर्घायुको लागि दुधले स्नान गर्ने, पापनाश र निरोगी बनौं भन्ने कामना भएका व्यक्तिहरूले तीर्थ जलले र शत्रु नाश होस् भन्ने कामना भएका व्यक्तिहरूले सस्यौंको तेलले अभिषेक गर्ने विधान पनि शास्त्रमा वर्णन गरिएको छ । अर्थात् संक्षेपमा भन्नुपर्दा भगवान् शिवलाई सद्य प्रसन्न पार्ने सबै भन्दा लोकप्रिय कर्म नै रूद्राभिषेककात्मक शिवोपासना हो । त्यसकारण कुनै पनि यज्ञ गर्दा रूद्राभिषेकको माध्यमले यज्ञस्वरूप भगवान् विष्णुका हृदयरूप शिवको आराधना गर्नु वैदिक सनातन धर्मको महत्वपूर्ण अङ्ग हो । किनकि शिवको आराधना विना गरिएको यज्ञ हृदय विनाको व्यक्ति जस्तो निष्क्रिय र निस्तेज हुन्छ । त्यसैगरी शिवोपासना गर्दा पनि विष्णुको उपासना अनिवार्य गर्नु पर्दछ । कुनै पनि मन्त्रद्वारा गरिने लक्षहोम, महालक्षहोम, कोटिहोम र शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी, सप्ताह, नवाह, विष्णुयाग आदि यज्ञ गर्दा पनि शिवोपासना अनिवार्य गर्नु पर्दछ ।

सदाचार भनेको के हो र किन सदाचारको पालन गर्नुपर्दछ ?

आगमेषु पुराणेषु संहितासु यथोदितम् ।
तथैवाचरणं यस्तु स सदाचार उच्यते । –संस्कारदीपिका १।७

वेद, पुराण र संहितामा जुन जुन कर्म जसले जसले जसरी जसरी गर्नु भनेर बताएको छ, त्यसरी नै तत्तत्कर्म गर्नु सदाचार हो ।

सरस्वतीदृशद्वत्योर्देवनद्योर्यदन्तरम् ।
तं देवनिर्मितं देशं ब्रह्मावर्तं प्रचक्षते ॥
तस्मिन्देशे यःआचारःपारम्पर्यक्रमागतः ।
वर्णानां सान्तरालानां स सदाचार उच्यते । –मनुस्मृति २।१७–१८

देवनदी सरस्वती र दृशद्वतीका बीचमा विद्यमान देवनिर्मित भूभाग नै ब्रह्मावर्त देश हो । यस ब्रह्मावर्त यज्ञीयदेशमा विद्यमान शिष्ट व्यक्तिहरूले अविच्छिन्न परम्परागत रूपमा परिपालन गरेको आचरण नै सदाचार हो। यसैलाई नित्य कर्म भन्दछन्। त्यस कारण ब्रह्ममुहूर्तमा उठेर ब्रह्मचिन्तन गर्नु, षट्चक्र चिन्तन, करदर्शन, भूमिस्पर्श, शौचाचार, नित्य स्नान, सन्ध्योपासन, ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, नृयज्ञ र भूतयज्ञ आदि शास्त्र सम्मत कर्म नित्य गर्नु पर्दछ । नित्य कर्मको परिभाषा गर्दै वृद्ध पारिजातमा भनिएको छ –

ब्राह्मे मुहूर्ते चोत्थाय धर्ममर्थञ्च चिन्तयेत्।

कायक्लेशं तदद्भूतं ध्यायीत मनसेश्वरम्॥

सन्धा स्नानं जपश्चैव देवतानाञ्च पूजनम्।

वैश्वदेवं तथातिथ्यं षट्कर्माणि दिने दिने॥ –बृद्ध पारिजात

ब्रह्म मुहूर्तमा उठेर ब्रह्मचिन्तन गरेपछि स्नान, सन्ध्या, जप, पूजा बलिवैश्वदेव(हवन) र अतिथि सत्कार यी ६ कर्म दिन दिनै गर्नु पर्दछ । पञ्चसूना(पाँच प्रकारका हिंसा) द्वारा भएका पापलाई पञ्च यज्ञले मात्र नाश गर्दछन् । भनेको हुनाले यसरी नित्यकर्म कर्तव्य बुद्धिले नित्य गर्नाले कर्ता सदैव सर्वत्र निष्पाप शुद्ध हुन्छ ।

के-के हुन् ती पञ्चसूना(पाँच प्रकारका हिंसा) ?

कुट्टनी पेषणी चुल्ली उदकुम्भी च मार्जनी।

पञ्चसूना गृहस्थस्य अहन्यहननी वर्तते॥

अर्थात् गृहस्थीहरूले गृहस्थ आश्रममा रहेर मील अथवा ढिकिमा लगेर धान कुटेर चामल बनाउँदा, पीठो पिस्दा, चुलामा आगो बाल्दा, वाल्टी वा गाग्रोमा पानी राख्दा सार्दा र घर, मन्दिर, बाटो बडार्दा हुने हिंसालाई शास्त्रमा पञ्चसूना भनिन्छ ।

के हुन् ती पञ्चयज्ञ ?

ब्रह्मयज्ञो देवयज्ञः पितृयज्ञस्तथैव च।

नृयज्ञो भूतयज्ञश्च पञ्चयज्ञाः प्रकीर्तिताः॥

ब्रह्मयज्ञ, देवयज्ञ, पितृयज्ञ, नृयज्ञ र भूतयज्ञलाई पञ्चयज्ञ भनिन्छ ।

अध्यापनं ब्रह्मयज्ञः पितृयज्ञस्तु तर्पणम्।

होमोदैवो बलिर्भौतो नृयज्ञोऽतिथिपूजनम्॥ –मनुस्मृति

ब्रह्म यज्ञ भनेको वेद पढ्नु, पढाउनु, स्वाध्याय गर्नु हो । दियो, कलश, गणेशको पूजा गरेर गणेश, सूर्य, देवी, शिव, विष्णु यी पञ्चदेवता र आफ्ना ईष्ट देवताको पूजागरेर तत्तदेवताहरूलाई नित्य हवनगर्नु देवयज्ञ हो ।

पितृयज्ञ भनेको आफ्ना पितृको नाममा अन्न, बस्त्र, जल, फल दान गर्नुका साथै नित्य तर्पण गर्नु हो । यसरी नै नृयज्ञ भनेको अतिथि सत्कार भिक्षार्थी एवं विद्यार्थीलाई भिक्षा दिनु हो । विद्यार्थी, साधु, सन्त,महन्त हरूलाई दिएका भिक्षाको महत्त्व यसरी वताइएको छ शास्त्रमा –

कुक्षौ तिष्ठति यदन्नं विद्याभ्यासेन जीर्यते।

तदन्नं तारयेदस्मान् दशपूर्वान् दशापरान्॥

जसले दिएको अन्न भगवद्भजन, वेदाभ्यास एवम् ब्रह्म चिन्तन गरेर पचाउँदछ भने त्यस अन्नले वितेका दश पुस्ता र भावि दश पुस्तासम्मका पितृहरूलाई तार्दछ । त्यस कारण भिक्षुलाई दिएका भिक्षाको ठूलो महत्त्व छ ।

सच्चा भिक्षुहरू को को हुन् ? भन्ने सन्दर्भमा शास्त्रको भनाई छ –

ब्रह्मचारी यतिश्चैव विद्यार्थी गुरुपोषकः।

दुर्भगः क्षीणवित्तश्च षडेते भिक्षुकाः स्मृताः॥

ब्रह्मचारी, संन्यासी, विद्यार्थी, गुरूसेवक, अभागी, सम्पत्ति नभएको गरीब यी छ समूहका व्यक्तिहरू भिक्षुक हुन् ।

यसैगरी बलिवैश्वदेव गर्नु, गाई, काग, कुकुर, परेवा, वाँदर आदि पशु, पक्षीलाई केही घाँस अथवा चारो दिनु भूतयज्ञ हो ।

यसरी यी पञ्चयज्ञ गर्नाले गृहस्थ मनुष्य पञ्चशूना जन्य पापबाट सदा मुक्त हुन्छ । पञ्चयज्ञ नगर्दा के हुन्छ त भन्ने सन्दर्भमा महा भारतमा भनिएको छ–

पञ्चशूना कृतं पापं ताभिःस्वर्गं न विन्दति। अर्थात् जीवन कालमा ठूला ठूला यज्ञ यागादि गरेर देहावसान भएपछी स्वर्ग जान तयार भएको अवस्थामा सकाम कर्मीहरूलाई स्वर्ग जान र निस्काम कर्मयोगीहरूलाई अहं ब्रह्मास्मि अर्थात् म ब्रह्म हुँ भन्ने अपरोक्ष ब्रह्मतत्त्व साक्षात्कार गर्न समेत यी पाँच प्रकारका पापहरूले रोकिदिन्छन् । यति मात्र होइन कहिले कहिले जीवित अवस्थामा पनि तीर्थ, वर्त, सप्ताह, नवाह, विवाह, ब्रतबन्ध

आदि राम्रा कर्मको शुभारम्भ गर्न आँटेको बेलामा विघ्न पार्ने काम पनि यीनै पञ्चशूनाहरूले नै गर्ने गर्दछन् । अतः संक्षेपमा भएपनि पञ्चयज्ञ कर्तव्य बुद्धिले अवस्य गर्नु पर्दछ । किनकि

पञ्चैतान्यो महायज्ञान्न हापयति शक्तितः ।
स गृहेऽपि वसन्नित्यं सूनादोषैर्न लिप्यते ॥ -मनुस्मृति ३।७२

जसले यी पाँच महायज्ञहरू यथाशक्ति नित्य गर्दछ । ऊ घरैमा रहेर पनि पञ्चसूना (पाँच प्रकारका हिंसा) जन्य दोषबाट लिप्त हुँदैन ।

सन्ध्याहीनोऽशुचिर्नित्यमनर्हः सर्वकमषु ।
यदन्यत्कुरुते कर्म न तस्य फलभाग्भवेत् ॥

उपर्युक्त सन्ध्या बन्दनादि नित्यकर्म नगर्ने व्यक्ति कुनै पनि कर्म गर्न योग्य हुदैन । त्यस कारण सन्ध्याबन्धन आदि नित्यकर्म नगर्ने सदाचार विहीन व्यक्तिले गरे गराएको कुनै पनि कर्म फलदायी हुँदैनन् । त्यस कारण यज्ञ गर्ने गराउने दुवै समुहले सन्ध्याबन्दनादि कर्म नित्य गर्दै विधिपूर्वक यज्ञकुण्ड निर्माण गरेर यज्ञ गर्नुपर्दछ ।

यज्ञकुण्ड निर्माण कसरी गर्ने ?

यज्ञगर्ने सन्दर्भमा जसरी ऋषि-महर्षिहरूले कालशुद्धि, कर्तृशुद्धि र द्रव्यशुद्धीको विषयमा शास्त्रमा विशद चर्चा गर्नुभएको छ, त्यसरी नै यज्ञमण्डप तथा यज्ञकुण्ड निर्माणको विषयमा पनि पूर्वाचार्यहरूद्वारा व्यापक चर्चा गरिएको छ । हवनात्मक यज्ञमा होमको सङ्ख्या अनुसार कुण्डको नाप एवम् सङ्ख्या बताइएको छ । कुण्ड सङ्ख्याको सन्दर्भमा भन्नुपर्दा कर्ताको कामना अनुसार बनाइने शास्त्रीय मान्यता छ-

शताननो दशमुख द्विमुखैकमुखस्तथा ॥
चतुर्विधो महाराज ! कोटिहोमे वधीयते ॥ भविष्य पु. १४२/५४

एक कुण्ड, दुई कुण्ड, पाँच कुण्ड नौ कुण्ड, दश कुण्ड र सय कुण्डसम्मको विधान पनि पाइन्छ । कुण्डमण्डपसिद्धि, कुण्डार्क, कुण्डमयूख, अग्निपुराण आदि ग्रन्थले के कस्ता कुण्ड बनाउने ? कसरी बनाउने र कति होमसङ्ख्यामा कति लम्बाई, चौडाई र गहिराईको कुण्ड बनाउने ? भन्ने कुराको विस्तृत चर्चा गरेका छन् ।

होमको संख्या अनुसार कुण्डको नाप हुनुपर्छ भन्ने सन्दर्भमा कुण्डमण्डप सिद्धिमा भनिएको छ-

शतार्धे रत्निः स्याच्छतपरिमितेऽरत्नि विततं ।
सहस्रे हस्तं स्यादयुत हवने हस्त युगलम् ।
चतुर्हस्तं लक्षे प्रयुतहवने षट्करमितं
ककुब्भिर्वा कोटौ नृपकरमपि प्राहुरपरे ॥ -कुण्डमण्डसिद्धि

अर्थात् पचास आहुति दिने यज्ञमा रत्नि (मुढीहात) बराबरको यज्ञकुण्ड बनाउनु पर्दछ भने एकसय आहुति दिने यज्ञमा अरत्नि(कुहिनुदेखि कान्छि औंलाको टुप्पो बराबरको) यज्ञकुण्ड बनाउनुपर्छ । त्यसैगरी एक हजार सङ्ख्या हवन गर्ने यज्ञमा यज्ञकुण्ड निर्माण गर्दा एकहात बराबरको यज्ञकुण्ड बनाउनुपर्छ । दश हजार सङ्ख्या हवन गर्ने यज्ञमा यज्ञकुण्ड निर्माण गर्दा दुई हात बराबरको यज्ञकुण्ड बनाउनुपर्छ । एक लाख आहुति दिने यज्ञमा चार हातको, दशलाख आहुति दिने यज्ञमा छ हातको र कोटि सङ्ख्या हवन गरिने हवनात्मक यज्ञमा दशहात बराबरको यज्ञकुण्ड बनाउनुपर्छ । कुनै आचार्यहरूको मतमा भने कोटिहोम गर्दा सोह्र हातको यज्ञकुण्ड बनाउनुपर्छ भन्ने मत पनि छ । यो सोह्र हातको यज्ञकुण्ड चाहिँ एककुण्डीय पक्षमा मात्र विधान गरिएको हो भन्ने पूर्वाचार्यहरूको मत छ । त्यस कारण कुण्डमण्डप सिद्धिमा —

'आशेषकुण्डैरिहपञ्चकुण्डी चैकं तथा पश्चिमसोमशैवे' भनिएको हुनाले पञ्चकुण्डीय यज्ञकुण्ड निर्माण गर्दा मध्य भागमा अथवा उत्तर कोणमा १०/१० हात बराबरको मुख्य यज्ञकुण्ड बनाएर ईशान, पूर्व, दक्षिण र पश्चिममा ६/६ हात बराबरका चारवटा यज्ञकुण्ड बनाउनुपर्छ । यसरी पञ्चकुण्डीय यज्ञकुण्ड निर्माण गर्दा मध्य वा उत्तर भागमा १०/१०हात बराबरको मुख्य यज्ञकुण्ड निर्माण गरेर ईशान, पूर्व, दक्षिण र पश्चिममा ६/६ हात बराबरका यज्ञकुण्ड निर्माण गर्नु व्यवहारिक देखिन्छ ।

यसरी पञ्चकुण्डीय यज्ञकुण्ड बनाउँदा ईशान र पूर्वमा चारकुने, दक्षिणमा अर्धचन्द्र, पश्चिममा वृत्ताकार (वाटुलो) र उत्तरमा तीन कुने बनाउने सामान्य नियम भएतापनि 'सर्वान् कामाँश्चतुरस्त्रे समेयात्' अर्थात् चारकुने कुण्डमा हवन गर्दा सवै प्रकारका कामना पूर्ण हुन्छन् भन्ने शास्त्रीय वचन भएको हुनाले प्रायः सबै ठाउँमा चारकुने कुण्ड नै बनाउनु उपयुक्त देखिन्छ र पूर्वाचार्यहरूले चलाएको चलन पनि प्रायः यस्तै छ ।

यसरी कर्ताको कामनानुसार जति कुण्ड बनाए

पनि प्रत्येक कुण्डमा तीन तीन मेखला हुनुपर्छ । कुण्डका मध्यभागमा कुण्डाकारकै नाभि बनाउनुपर्छ । यज्ञकुण्डको पश्चिम पट्टी पानको पात जस्तै योनि बनाएर त्यसको नाभिनाल कुण्डको मध्यभागमा अवस्थित नाभिसम्म जोड्नु पर्दछ । यसरी कुण्ड निर्माण गरेर शास्त्रीय विधि अनुसार प्रज्वलित अग्निमा गरिएको आहूति मात्र विशेष फलदायी हुन्छ ।

यज्ञकुण्डमा प्रज्वलित गर्ने अग्नि कस्तो हुनुपर्छ ?

श्रौत यज्ञ र स्मार्त यज्ञ दुवैमा कुण्ड विधान समान भएतापनि अग्निको नाम चाहिँ भिन्न भिन्न हुन्छ । जस्तै श्रौताग्नि भन्नाले आहवनीय अग्नि, गार्हपत्य अग्नि, दक्षिणाग्नि र सभ्याग्नि बुझिन्छ भने स्मार्त अग्नि भन्नाले आवसत्थ्य अग्नि भन्ने बुझ्नुपर्दछ ।

'आवसत्थ्याधानं दारकाले दायाद्यकाले वा' अर्थात् आवसत्थ्य अग्निको आधान, विवाह गर्दा अथवा पैतृक सम्पत्तिको अंशवण्डा गर्दा गर्नुपर्दछ भन्ने कुरा पारस्कर गृहसूत्रमा उल्लेख गरेको छ । विष्णुयाग, रूद्रयाग, लक्षहोम, महालक्षहोम, कोटिहोम, शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी, लघुरूद्री, महारूद्री, अतिरूद्री, सप्ताह, नवाह आदि यज्ञमा आह्वान गरिने अग्नि स्मार्त अग्नि नै हुन् तापनि त्यो अग्नि सधैं बलिरहेको, नित्य हवन गरिएको अर्थात् नित्य बलिवैश्वदेव गरिएको अग्नि हुनुपर्छ । यदि त्यस्तो अग्नि नभएको अवस्थामा उपर्युक्त यज्ञहरूमा अग्नि आधान गर्दा अग्निहोत्रीको यज्ञकुण्डमा रहेको अग्निकुण्डबाट, गौशालाको अखण्ड बलिरहेको अगेनोबाट, सूर्यकिरणबाट प्रकट गरिएको अथवा अरणिमन्थन गरेर प्रकट गरेको अग्निलाई अग्नि संस्कार पद्धति अनुसार विधिपूर्वक संस्कार गरी अग्नि कुण्डमा प्रज्वलित गराएर हवनात्मक यज्ञ गर्नु पर्दछ ।

कत्रो र कस्तो मण्डप निर्माण गरेर कहाँ कहाँ कुन कुन देवताको पूजा गर्ने ?

यसरी निर्माण गरिएका यज्ञकुण्डका बाह्य परिधिमा १०० हात ५० हात र २५ हातको यज्ञमण्डप निर्माण गर्नु पर्दछ ।

उत्तमं शतहस्तं तु तदर्धेन तु मध्यमम् ।

जघन्यं तु तदर्धेन शक्तिकालाद्यपेक्षया ।। -भविष्य पुराण १४२।२१

उपर्युक्त १००, ५० र २५ हातको यज्ञ मण्डल मध्ये शय हातको मण्डप उत्तम, ५० हातको मध्यम र २५ हातको यज्ञ मण्डप कनिष्ठ मानिएको छ । आफ्नो शक्ति र समय अनुसार मण्डप निर्माण गर्नु पर्दछ ।

त्यस यज्ञ मण्डपको पूर्व, दक्षिण, पश्चिम र उत्तरमा भव्य मण्डपद्वार बनाउनु पर्दछ र यी चारै दिशाका द्वारको बीचमा र दायाँ बायाँ गरी प्रत्येक द्वारमा तीन तीन वटा माटाका अथवा तामाका कलश राख्नु पर्दछ । यी चार द्वारमा राखेका तीन वटा कलश मध्ये पूर्व द्वारको बीचको कलशमा सुदृढ तोरण र ऋग्वेदको, दक्षिण द्वारको बीचको कलशमा सुभद्रतोरण र यजुर्वेदको, पश्चिम द्वारका बीचमा विद्यमान

कलशमा सुकर्मतोरण र सामवेदको, उत्तरद्वारका बीचमा रहेका कलशमा सुहोत्रतोरण र अथर्ववेदको पूजा गर्नुपर्दछ। त्यसैगरी पूर्व द्वारका दाँयापट्टि राखेका कलशमा इन्द्रको र बायाँपट्टी राखेका कलशमा ऐरावतको पूजा गर्नुपर्दछ। यही क्रमले आग्नेय कोणमा दुई वटा कलश राखेर दाँया कलशमा अग्निको र बाँया कलशमा पुण्डरीकदिग्गजको पूजा गर्नु पर्दछ। दक्षिण द्वारका दाँयापट्टिको कलशमा यम र वाँयापट्टिको कलशमा वामनदिग्गजको पूजा गर्नुपर्दछ। नैऋत्य द्वारमा राखेका दाँया कलशमा निऋतिको र बाँया कलशमा कुमुद दिग्गजको पूजा गर्नु पर्दछ। पश्चिम द्वारमा राखेका दाँया कलशमा वरूण देवताको र बाँया कलशमा अञ्जन दिग्गजको पूजा गरिन्छ। वायव्य कोणमा राखिएका दुईटा कलश मध्ये दाँया कलशमा वायु देवताको र बाँया कलशमा पुष्पदन्त दिग्गजको पूजा गर्नुपर्दछ। उत्तरमा राखेका दाँया कलशमा सोम देवताको र बाँया कलशमा सार्वभौम दिग्गजको पूजा गर्नुपर्दछ। यसरी नै ईशान कोणमा राखिएका दाँया कलशमा ईशान देवताको र बाँया कलशमा सुप्रतीक देवताको, पूर्व र ईशानको बीचमा एउटा कलश राखेर ब्रह्मजीको र नैरित्य र पश्चिमको बीचको कलशमा अनन्त भगवान्‌को पूजा गर्नुपर्दछ।

उपर्युक्त यी तोरण बनाउँदा पूर्वद्वारमा बरको तोरण, बरकै शङ्ख, दक्षिण द्वारमा डुम्रीको तोरण डुम्रीकै चक्र, पश्चिम द्वारमा पिपलको तोरण पिपलकै गदा, उत्तर द्वारमा पलासको तोरण र पलासकै कमल हुनुपर्छ। सम्भव भएमा यी तोरणहरू चारै द्वारका एकहात बाहिरपट्टि बनाउनु पर्दछ। यसरी मण्डप बनाउँदा पूजामण्डप, यज्ञमण्डप, प्रवचनमण्डप अलगअलग बनाउनु पर्दछ। यदि यज्ञ मण्डप ठूलो भएमा यज्ञ मण्डपको मध्यभागमा पूजामण्डप (मूलवेदी) बनाएर त्यसको उत्तरपट्टि मुख्य यज्ञकुण्ड बनाउन पनि सकिन्छ।

ध्वजा-पताका किन कसरी कहाँ कस्ता कस्ता रङ्गका राख्ने ?

असुरा यातुधनाश्च पिशाचोरगराक्षसाः।

ध्वजाहीने तु प्रासादे वस्तुमिच्छन्ति सर्वदा॥

तस्माद्ध्वजविहीनन्तु न कुर्यातद्यज्ञमण्डपम्॥(सुरमन्दिरम्) (प्रतिष्ठामयूख)

ध्वजा नभएका यज्ञ मण्डपमा र मन्दिरमा असुर, यातुधान, पिशाच, सर्प, राक्षस सदैव बस्न चाहन्छन्। त्यस्ता असुर, राक्षस, पिशाच आदि बसेका मन्दिरमा, यज्ञ मण्डपमा बसेर गरेको कार्य सफल हुँदैन त्यस कारण यज्ञमण्डपमा र मन्दिरमा सदैव सर्वत्र ध्वजा राख्नु पर्दछ। भनेको हुनाले कुनै पनि देवमन्दिर या यज्ञमण्डपमा अनिवार्य ध्वजा पताका राख्नु पर्दछ। ध्वजा पताका राख्दा पूर्वमा पँहेलो रङ्को ध्वजा र पँहेलै रङ्को वज्रलेखेको पताका, आग्नेय कोणमा रातो ध्वजा र शक्ति(तरवार) लेखेको रातै पताका, दक्षिणमा कालो ध्वजा र दण्ड लेखेको कालो पताका, नैरित्यकोणमा नीलोध्वजा र खड्ग लेखेको नीलो पताका, पश्चिममा सेतो ध्वजा र पाश लेखेको सेतो पताका, वायव्यमा ध्वाँसे या हरियो ध्वजा र अङ्कुश लेखेको ध्वाँसे या हरियो पताका, उत्तरमा सेतो या हरियो ध्वजा र गदा लेखेको सेतो या हरियो पताका, ईशानमा सेतो ध्वजा र त्रिशूल लेखेको सेतै पताका, पूर्व र ईशानको बीचमा सेतो या रातो ध्वजा र सेतो या रातो पताका र नैरित्य र पश्चिमको बीचमा सेतो ध्वजा र चक्र लेखेको सेतै पताका राख्नु पर्दछ। भनिएको पनि छ–

ध्वजा पताका बनाउँदा कत्रा र कस्ता बनाउने ?

त्रिकोणा वै पताका स्युश्चतुष्केणा ध्वजा स्मृता।

पञ्चहस्ता ध्वजा कार्या वैपुल्येन द्विहस्तकाः।

सप्तहस्ता पताकास्युर्विंशत्यङ्गुलविस्तृताः॥ –वाचस्पत्यम्

त्रिकोणाकारका पताका र चारकुने ध्वजा हुनुपर्दछ। त्यस मध्ये २/५ हातको ध्वजा र सात हात लम्बाई र २० अङ्गुल चौडाई भएको पताका बनाउनु पर्दछ। यदि यो सम्भव नभए २/२ हातका तीन कुने पताका र चार कुने ध्वजा बनाउँदा पनि हुन्छ। 'सर्वे सचूडाः दशहस्तबंशाः' भनेको हुनाले ती ध्वजा पताका राख्ने बाँस भने टुप्पो भएका दश हात अग्ला हुनुपर्दछ। यसको अतिरिक्त यज्ञमण्डपको बीचमा अग्लो महाँध्वजा राख्नु पर्दछ। त्यो महाँध्वजा बनाउँदा जुन देवताको यज्ञ गरिदै छ उनै देवताको वाहन सहितको ध्वजा बनाउनुपर्छ। जस्तै देवी प्रधान यज्ञ भए सिंह वाहिनी भगवती देवी, विष्णु प्रधान यज्ञ भए गरूड वाहन भगवान् विष्णु र शिव प्रधान यज्ञ भए नन्दी वाहन भगवान् शिवको ध्वजा बनाउनु पर्दछ।

यज्ञमण्डपको भित्र मध्यभागमा विष्णुप्रधान अनुष्ठान भए सर्वतोभद्र र शिवप्रधान भए लिङ्गतोभद्र, मध्य भागमा



निर्माण गरेर ईशान कोणमा ग्रहवेदी, आग्नेयमा षोडष मातृका वेदी, नैरित्यकोडमा वास्तुवेदी, वायव्य कोणमा क्षेत्रपालवेदी र चतुःषष्ठी योगिनीवेदी बनाएर तत्तदेवता र मण्डपस्थ देवताहरूको पनि मण्डपपूजा विधि अनुसार दीप, कलश, गणेश पूजनपूर्वक विशेष पूजा गर्नु पर्दछ ।

यसै गरी मण्डपपूजा गरेर लक्षहोम, महालक्षहोम, कोटिहोम शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी, महारूद्री, अतिरूद्री, सप्ताह, नवाह आदि यज्ञ गर्नुपर्दछ । यसरी विधिपूर्वक गरिएका महायज्ञस्थलमा विना लगन विवाह, ब्रतबन्ध गर्नु हुँदैन तर धान्याचल एवम् तुलादान चाहिँ गर्नु हुन्छ ।

धान्याचल भनेको के हो ?

धानलाई अचल भएको पर्वताकार बनाएर विधिपूर्वक पूजा गरेर सत्पात्र संघ, संस्था वा महापुरूषलाई दान दिने कर्मलाई धान्याचल भनिन्छ । यसैगरी लवणाचल, गुडाचल, हेमाचल, तिलाचल, कार्पासाचल, वृताचल, रत्नाचल, राजताचल र शर्कराचल अर्थात् धान, गुड, सून, तिल, कपास, वृत (काँस, फलाम, पित्तल आदि धातु मिलेर बनेको धातु), रत्न, चाँदी र शक्खर यी दश पदार्थलाई पर्वताकार बनाएर दान गर्नुलाई दशाचल दान भनिन्छ ।

दशाचल मध्ये एउटा अचल हो धान्याचल । यी दशाचलको उल्लेख मत्स्य पुराणमा यसरी गरिएको छ ।

प्रथमोधान्यशैलःस्यात् द्वितीयो लवणाचलः ।
गुडाचलस्तृतीयःस्याच्चतुर्थो हेमपर्वतः ॥
तिलशैलः पञ्चमःस्यात् षष्ठःकार्पासपर्वतः ।
सप्तमो वृतशैलः स्यादष्टमो रत्नपर्वतः।
नवमो राजतःशैलोदशमः शर्कराचलः ॥ -मत्स्यपुराण

यसरी महायज्ञ भएका यज्ञस्थलमा धान्याचल, लवणाचल आदि दशाचल दानगर्दा पूर्वाङ्गको रूपमा गर्नुपर्ने दीप, कलश, गणेशको पूजा गरेर गरिने मातृकापूजा, नवग्रहपूजा, आभ्युदयिकश्राद्ध छुट्टै गरिरहनु पर्दैन किनकि–

अयने विशुवे चैव व्यतिपाते दिनक्षये ।
शुक्लपक्षे तृतीयायामुपरागे शशिक्षये ॥
विवाहोत्सव यज्ञेषु द्वादश्यामथवा पुनः ।
शुक्लायां पञ्चदश्यां वा पुण्यर्क्षे वा विधानतः ।
धान्यशैलादयो देया यथाश्रद्धं विधानतः ॥

अर्थात् कहिले कहिले कहाँ कहाँ गर्नुहुन्छ भन्ने सन्दर्भमा यहाँ 'यज्ञेषु' भनेको हुनाले उपर्युक्त महायज्ञ भइरहेका यज्ञमण्डपमा स्थापित तत्ततदेवताहरूको नै संक्षेपमा पूजा गरेर धान्याचल, लवणाचल आदि अचल दान र तुलापुरूषदान पनि गर्न सकिन्छ । पूर्वाङ्ग छुट्टै गर्नुपर्दैन ।

तुलापुरूष भनेको केहो र कसरी गर्ने ?

दानी व्यक्तिले आफ्नो शरीरको तौल बराबरको सुन, चाँदी, अन्न आदि द्रव्य तौलेर दिइने दानालाई तुलादान भनिन्छ । तुलापुरूष, हिरण्यगर्भ, ब्रह्माण्ड, कल्पपादप, गोसहस्र, हिरण्यकामधेनु, हिरण्याश्व, पञ्चलाङ्गल, धरा, हिरण्याश्वरथ, हेमहस्तिरथ, विष्णुचक्र, कल्पलता, सप्तसागर रत्नधेनु र महाभूतघट यी सोह्र महादान मध्ये तुलापुरूष दान एक हो ।

तुलापुरूष दानगर्दा तीन मासा बराबर सूनको धर्मराज, सूर्य र विष्णुको प्रतिमा बनाएर अग्न्युत्तारणपूर्वक विधिवत् पूजा गर्नु पर्दछ । त्यसपछि इष्ट देवताको स्मरण गर्दै ती पूजा गरिएका धर्मराज, सूर्य र विष्णु मध्ये विष्णुको प्रतिमालाई तुलाको दण्डको बीचमा टाँसेर आफूलाई तौलिएर तुलादान गर्ने द्रव्यको र तत्तद्रव्यका

अधिष्ठातृ देवताको पनि पूजा गर्नु पर्दछ । त्यस पछि तुलायै नमः भन्दै तुलाको, तुलाकै छेउमा विष्णवे नमः, अनन्ताय नमः भनेर तुलो झुण्डाइएका दुवै खाँबाको भूम्यै नमः भनेर, भूमिको र वासुकये नमः भनेर दुवै फल्याकको पनि पूजा गरेर रक्त वस्त्रले वेष्टित गरिएका तुलाका पूर्वपट्टि तयार गर्नु पर्छ । ईशान, शशी, मारूती, रूद्र, सूर्य, विश्वकर्मा, गुरू, अङ्गीराअग्नि, प्रजापति, विश्वेदेव, धाता, पर्जन्य शम्भु, पितृ, सौम्य, धर्म, अमरराज, अश्विनीकुमार, जलेश, मित्रावरूण, मरूद्गण, धनेश, गन्धर्व र विष्णु यी २४ देवताको क्रमैसँग पूजा गरेर शुद्ध नयाँ वस्त्र, सेतो माला, चन्दन आदिले अलङ्कृत भएर हातमा पुष्प लिएर तुलालाई तीन पटक परिक्रमा गरिसकेपछि पूर्वपट्टी फर्केर तुलामा बस्नु पर्दछ । त्यस अवसरमा प्रार्थना गरिने मन्त्र–

नमस्ते सर्वदेवानां शक्तिस्त्वं सत्यमाश्रिता ।

साक्षीभूता जगद्धात्री निर्मिता विश्वयोनिना ॥

एकतःसर्वसत्तानि तथानृत शतानि च ।

धर्माधर्म कृतां मध्ये स्थापितासि जगद्धिते ॥

त्वं तुले सर्वभूतानं प्रमाणमिहकीर्तिता ।

मां तोलयंती संसारादुद्धरस्व नमोऽस्तु ते ॥

नमोनमस्ते गोविन्द ! तुलापुरुषसंज्ञक !

त्वं हरे तारयस्वास्मानस्मात्संसारसागरात् ।

यसरी पुष्पाञ्जलि गरेर फेरि तुलाको तीन पटक परिक्रमा गरी ती पहिले पूजा गरिएका धर्मराज, विष्णु र सूर्य मध्ये विष्णुको प्रतिमालाई तुलाको दण्डको बीचमा टाँसेर देव्रे हातमा धर्मराजको र दाहिने हातमा सूर्यको प्रतिमालाई लिई आफ्ना ईष्ट देवताको स्मरण गर्दै ती तुलाको दण्डको बीचमा टाँसेका विष्णुका प्रतिमाको दर्शन गर्दै पूर्वपट्टि फर्केर तुलाको उत्तरपट्टिको पल्लामा बस्नुपर्छ । तुलाको दण्डको बीचमा रहेका विष्णुको प्रतिमाको दर्शन गर्दै दानकर्ता तुलामा बसेपछि दक्षिणपट्टिको पल्लामा आचार्यले तौलिने सामान राखिदिनु पर्दछ ।

त्यसपछि तलको मन्त्र जप गर्दै तौलिएर बस्नु पर्दछ । तौलिने उत्तम बेला गाई दुहूने समय हो भनिएको छ–

नमस्ते सर्वदेवानां साक्षीभूते सनातनि ।

पितामहेन देवि ! त्वं निर्मितापरमेष्ठिना ।

त्वयाधृतं जगत्सर्वं सह स्थावर जंगमम् ।

सर्वभूतात्म भूतस्थे नमस्ते विश्वधारिणि !

त्यसपछि तुलाबाट ओर्लिएर तौलिएका द्रव्यमा तुलसीपत्र राखी सङ्कल्प गरेर आचार्य वा कुनै मन्दिरका अधिष्ठातृ देवतालाई आफू तौलिएको वस्तु समर्पण गर्नु पर्दछ । यसरी तुलादान गर्नाले जीवित अवस्थामा धनधान्यादि ऐश्वर्य प्राप्ति र आध्यात्मिक, आधिदैविक, आधिभौतिक त्रिविध ताप निवारण हुनुका साथै असाध्य रोग पनि निको हुन्छ र प्रारब्ध कर्मानुसार हुने मृत्यु पश्चात भगवद्धाम प्राप्त हुन्छ भन्ने शास्त्रीय मान्यता छ ।

उपर्युक्त यज्ञ यागादि गर्दा विचार गर्नुपर्ने धर्मशास्त्रीय निर्णय

(क) सबैतिरबाट वैदिक सनातन धर्ममाथि आक्रमण भइरहेको वर्तमान परिप्रेक्षमा सबैले आ–आफ्नो पूर्वाग्रह परित्याग गरेर मनन गर्नुपर्ने शास्त्रीय विषय यसप्रकार छ । यन्मलमासे वर्ज्यमुक्तम् तद्गुरुशुक्रास्तबाल्यबार्धक्येष्व पि ज्ञेयम् (धर्मसिन्धु) अर्थात् जुन् जुन् कर्म मलमास, क्षयमास आदिमा गर्नु हुँदैन भनेर शास्त्रमा बताइएको छ ती ती कर्म गुरू शुक्रास्तको समयमा पनि गर्नु हुँदैन ।

कुन कर्म गर्नु हुन्छ, कुन कर्म गर्नु हुँदैन भन्ने शास्त्रवचन सामान्यवचन र विषेशवचनका भेदले दुई प्रकारका हुन्छन् । जस्तै आरब्धकाम्यस्य मलमासेप्यनुष्ठानम् (धर्मसिन्धु वर्ज्यावर्ज्यविचार) अर्थात् मलमास र गुरूशुक्र अस्त नभएका शुद्ध समयमा आरम्भ गरेर पछि गुरू शुक्र उदय भएपछि समाप्त गर्ने गरी गुरूशुक्रास्तको समयमा पनि काम्य कर्म गर्नु हुन्छ भन्ने जुन धर्मसिन्धु एवम् निर्णयसिन्धुको वचन छ । यो सामान्य वचन हो । यसको विशेष वचन हो– नूतनारम्भ समाप्तिश्च न कर्तव्या । (धर्मसिन्धु)– अर्थात् यज्ञ आरम्भ गरेका दिनदेखि जबसम्म यज्ञ समाप्त हुँदैन तबसम्म आरम्भ गरेका दिन जति जप, पाठ हवन गरिन्छ अनुष्ठान भरि त्यति नै जप, पाठ हवन गर्नु पर्छ । कहिले थोरै र कहिले धेरै गर्नै हुँदैन । यो विशेष वचन हो । सामान्य शास्त्रतो नूनं विशेषो बलवान् भवेत् । सामान्य शास्त्रवचनभन्दा विशेष शास्त्रवचन बलवान् हुन्छ । यस विषयमा साक्षात् भगवान् नारायणको यस्तै अर्को विशेष वचन छ–

आरब्धदिनमारभ्य समाप्तिदिवसावधि ।

न न्यूनं नातिरिक्तञ्च जपं कुर्याद्दिने दिने ॥

-देवीभागवत ०११/२१/३३–३४)

लामो अवधिको बृहद् अनुष्ठान गर्दा आरम्भ गरेका दिन जति सङ्ख्या जप, पाठ, हवन गरिन्छ । अनुष्ठान भरि त्यति नै जप पाठ हवन गर्नु पर्छ । न्यून पनि गर्नु हुँदैन । अधिक पनि गर्नु हुँदैन ।

त्यसकारण केही दिन पछि बृहस्पति अथवा शुक्र अस्त हुँदै छन्, अतः केही दिन पहिले नै शुभारम्भ गरेर १-२ आवृत्ति पाठ गर्दै वा गराउँछु गर्छु र पछि ग्रह अस्तको समयमा शत, सहस्र, अयुत, लक्षआदि आवृत्ति पाठ, जप, हवन, आदि गर्छु वा गराउँछु भनेर यज्ञ आरम्भ गर्नु हुँदैन ।

पूर्वाङ्ग(आरम्भ) गरेका दिन मधुपर्क ग्रहण गरेका कर्ता र अध्वर्यु (ब्राह्मण)लाई मात्र त्यो कर्म गर्न अधिकार हुन्छ । मधुपर्क ग्रहण नगरेका व्यक्तिलाई अधिकार हुँदैन । त्यसो हुनाले तद्विपरीत कर्म गर्नु भनेको सरासर शास्त्रविरूद्ध कर्म गर्नु हो । किनकि गुरूशुक्रास्तको समयमा थप कर्मको आरम्भ र आरम्भ गरेका कर्मको समाप्ति पनि गर्नु हुँदैन भनेर निर्णयसिन्धु तथा धर्मसिन्धुमा नूतनारम्भ समाप्तिश्च न कर्तव्या भन्दै स्पष्टरूपमा निषेध गरेको छ । त्यस कारण गुरूशुक्रास्तको समयमा कुनै पनि काम्यकर्म गर्नुहुदैन ।

अब रह्यो तीर्थस्थलमा यो गुरूशुक्रास्तको दोष लाग्दैन भन्ने विषय । यस विषयमा पनि शास्त्रले स्पष्ट स्थल निर्धारण गरेको छ । जस्तै–

न ग्रहास्तोदयकृतो दोषो विश्वेश्वरालये ।

गोदावर्यां गयायां च श्रीशैले ग्रहणद्वये

सुरासुरगुरूणाञ्च मौढ्यदोषो न विद्यते ॥

(निर्णयसिन्धुः प्रथमः परिच्छेदः द्वितीय प्रकरण)

भगवान् विश्वनाथको निवासभूमि काशी, गया, गोदावरी, श्रीशैलपर्वतमा र सूर्य एवम् चन्द्रग्रहणको अवसरमा पनि यज्ञ याग, दान, स्नान आदि कर्म गर्न गुरू शुक्रास्तको दोष लाग्दैन । भन्ने जुन निर्णयसिन्धुको वचन छ त्यो केवल तोकिएका तत्तत् स्थान र कालका लागि मात्र हो । अन्यत्र यसको सञ्चार हुँदैन । किनकि उपर्युक्त विश्वेश्वरालये यो शब्दलाई लिएर एक पटक वाराणसीमा करपात्री स्वमीजी कै सान्निध्यमा शास्त्रार्थ हुँदा विश्वेश्वरालय भनेको काशी नगरी मात्र हो भन्ने निष्कर्ष सार्वजनिक गरिएको थियो । जुन सभामा भारतका बरिष्ठ विद्वान् बदरीनाथ शुक्ला पनि हुनुन्थ्यो । त्यहाँ सैद्धान्तिक तर्क हुँदा यदि विश्वेश्वरालय शब्दको अर्थ सबै शिवालय भएको भए 'सिद्धे सति आरभ्यमाणो विधिर्नियम' यो नियमानुसार 'गोदावर्यां, गयायाञ्च श्रीशैले ग्रहणद्वये' यहाँ श्रीशैले भनिरहनु पर्ने थिएन । किनकि श्रीशैल भनेको पनि शिवालय नै हो । यदि विश्वेश्वरालय शब्दले सबै शिवमन्दिर लिने हो भने विश्वेश्वरको अर्थ विष्णु र विश्वशरीको अर्थ देवी पनि हुने हुनाले विष्णु, देवी आदिका मन्दिरमा पनि अति व्याप्ति हुन्छ । त्यस कारण 'न ग्रहास्तोदयकृतो दोषो विश्वेश्वरालये' यहाँ विश्वेश्वरालय शब्दको अर्थ विश्वनाथको निवासभूमि काशी मात्र हो । यन्यत्र यसको सञ्चार हुँदैन । यस विषयमा सबै विद्वान् हरूको ध्यान जानु जरूरी छ ।

आचार्यले, यज्ञमा वरण भएर कर्म गर्ने गराउने ब्राह्मणहरूले र प्रमुख कर्ताले पालन गर्नु पर्ने विशेष नियमहरू :--

(ख) आचार्यले, आयोजक परिवारले, यज्ञमा वरण भएका गुरूहरूले र कर्ताले पनि सनातन धर्मको परिचय जनाउने धोती, उत्तरीय आदि, सात्विक वस्त्र, तिलक, चन्दन, विभूति र कौपिन अनिवार्य लगाउनु पर्दछ ।

(ग) ब्रह्माण्डे यानि पापानि ब्रह्माण्डान्तर्गतानि च ।

केशानाश्रित्य तिष्ठन्ति तस्मात् केशान् वपेद् बुधः ।

अर्थात् अनन्त ब्रह्माण्ड अन्तर्गत विद्यमान प्रत्येक ब्रह्माण्डमा जति पाप छन् ती सबै पापहरू यज्ञ आरम्भ गर्नु भन्दा पहिले अब यज्ञ गरेर हामीलाई मार्ने भयो नि भनेर ती पापहरू केशमा आएर लुकेर बसेका हुन्छन् । त्यस कारण कुनै पनि शुभ कर्म गर्नु पूर्व पाप रहित हुनका लागि बुद्धिमान् व्यक्तिले कपाल काट्नुपर्छ । भनेको हुनाले यज्ञ गर्ने कर्ता र गराउने सबै गुरूहरूले कपाल काट्नुपर्छ ।

(घ) लक्षहोम, महालक्षहोम, कोटिहोम, शतचण्डी, सहस्रचण्डी, अयुतचण्डी आदि कुनै पनि काम्य कर्म शुभारम्भ गर्दा पञ्चाङ्ग (तिथि, वार, नक्षत्र, योग, करण) आदि मुहूर्त र भागवत महात्म्यमा नै दैवज्ञं तु समाहूय मुहूर्तं

पृच्छ्य यत्नतः भनेको हुनाले श्रीमद्भागत सप्ताह पुराण आदि ज्ञानयज्ञ शुभारम्भ गर्दा पुराणश्रवण चक्र, शिव र अग्नि चक्र अनिवार्य जुराएर मात्र यज्ञ एवम् कथारम्भ गर्नुपर्दछ ।

धर्म शास्त्रले निषेध गरेको बृहस्पति अस्त, शुक्र अस्त, मलमास, क्षयमास, विश्वघस्रपक्ष, आदि निषिद्ध समयमा पुराण आदि यज्ञ र महायज्ञहरू गर्नु हुँदैन ।

मलमासञ्च शुक्रास्तं तथास्तं गुरुचन्द्रयोः ।

गुर्वादित्य क्षयतिथिं सर्वथा परिवर्जयेत् ॥

–कौशितकी संहिता माहात्म्य अ ६

(ङ) पुराण श्रवणात्मक यज्ञ, महायज्ञ आदि २१ दिनभन्दा कम अवधिमा समापन गरिने कोटिहोम, लक्षहोम, शतचण्डी सहस्रचण्डी अयुतचण्डी महारूद्री अतिरूद्री आदि यज्ञ अनुष्ठान गर्दा यज्ञको बीचमा औंशी र मुख्य कर्ताका पिता माता आदि तीन पुस्ता भित्रका पितृहरूको श्राद्ध पार्नु हुँदैन । किनकि–

नान्दीश्राद्धमारभ्य मण्डपोद्वास पर्यन्तं मध्ये दर्शदिनं

क्षयाहादि श्राद्धदिनं यथा न पतेत् तथा कार्यम् । (धर्मसिन्धु)

(च) बरखी या बार्षिक श्राद्धलाई निमित्त मानेर गर्ने गरिएका सप्ताह पुराण आदिको आरम्भमा पनि पुराण श्रवण चक्र आदि मुहूर्त जुराएर नै सप्ताह गर्नु पर्दछ । किनकि यसविषयमा पनि शास्त्रवचन छ–

स्पृष्ट्वा मुहूर्तं दैवज्ञाद्यदा श्रद्धा प्रजायते

कार्तिक्यादिषु मासेषु तदा श्राव्या समाहितैः ।

(कौशिक संहिता माहात्म्य अ० ६)

जुन समयमा पितृहरूको उद्धार गर्नका लागि सप्ताह (ज्ञानयज्ञ) गर्ने श्रद्धा उत्पन्न हुन्छ । अर्थात् वार्षिक श्राद्ध गर्नासाथ सप्ताह लगाउने श्रद्धा हुन्छ त्यस समयमा पनि दैवज्ञकहाँ गएर मुहूर्त हेराएर कार्तिक आदि पवित्र मासमा चित्त एकाग्र गरेर भागवत पुराण सुन्नु पर्दछ ।

(छ) सप्ताह, नवाह आदि महायज्ञहरूको सन्दर्भ पारेर विवाह ब्रतबन्ध गर्दा पनि विवाह, ब्रतबन्धको लगन छ भने मात्र गर्नु हुन्छ लगन छैन भने गर्नुहुँदैन ।

(ज) पुराण लगाउँदा मूलपाठ सबैले सुन्ने गरी स्पष्ट पाठपारायण गर्नुपर्छ । विना पाठको पुराण पूर्ण हुँदै न भन्ने बोध आयोजक परिवार, कर्ता, वक्ता सबैमा हुनुपर्छ ।

(झ) हाम्रा पूर्वाचार्यहरूले चलाएको प्रचलन र धर्म शास्त्रका वचनहरूलाई समेत मनन गर्दा यज्ञमा वरण हुने ब्राह्मणहरू नित्य सन्ध्योपासना गर्ने, निलोभी, गुरूमुखोच्चारणपूर्वक वेदाध्ययन गरेका, कौपिन वस्त्र धारण गर्ने, सदाचारी हुनुपर्दछ । अतः सम्भव भएसम्म यज्ञ गर्ने गराउने सबै सदाचारवान् भएर कर्म गर्ने गराउने गरौं ।

(ञ) उपर्युक्त महायज्ञहरू गर्दा पूर्वाङ्गको रूपमा गरिने कर्म दीप कलश गणेश पूजा, मातृका पूजा, आभ्युदयिक श्राद्ध, ग्रहपूजा, सर्वतोभद्र, लिङ्गतोभद्र, योगिनीपूजा, वास्तुपूजा, चतुषष्ठी योगिनी पूजा र मण्डपपूजा गर्दा हाम्रा तत्तत् प्राचीन पद्धति अनुसार नै गर्न सकिन्छ ।

यसरी मण्डपमा स्थापित देवताहरूको दैनिक पूजा गरेर जुन मन्त्रद्वारा हवन गर्ने सङ्कल्प गरेको छ सो हि मन्त्र द्वारा दैनिक समान संख्यामा हवन मर्नुपर्छ ।❖

–कुमारीगाल, काठमाडौं

सन्दर्भ सामग्री

१ वेदव्यासविरचित शिवमहापुराण चौखम्बा वाराणसी
२ वेदव्यासविरचित देवीभागवत चौखम्बा वाराणसी
३ वेदव्यास विरचित महाभारत गीताप्रेस गोरखपुर
४ वेदव्यास विरचित स्कन्द महापुराण चौखम्बा वाराणसी
५ वेदव्यास विरचित श्रीमद्भागवतमहापुराण गीताप्रेस गोरखपुर
६ वेदव्यासविरचित नेपालमाहात्म्य चौखम्बा वाराणसी
७ वेदव्यास विरचित मत्स्य पुराणम् गीताप्रेस गोरखपुर
८ पाणिनी विरचित सिद्धान्त कौमुदी मोतीलाल वाराणसी
९ श्रीमदमरसिंह अमरकोष– रामाश्रमीटीका चौखम्बा वाराणसी ।
१० मेदिनीकोष, मोतीलाल वाराणसी
११ वाचस्पत्यम्, सम्पादन के एन् स्वामी
१२ शब्दकल्पद्रुम, सम्पादन के एन् स्वामी
१३ नेपाली बृहत् शब्दकोश, प्रज्ञा प्रतिष्ठान नेपाल
१४ दानचन्द्रिका, मोतीलाल वाराणसी
१५ धर्मसिन्धु, निर्णयसिन्धु
१६ श्रीमद्विठ्ठल दीक्षितप्रणिता मण्डपकुण्डसिद्धिः चौखम्बा कृष्णदास अकादमी वाराणसी
१७ वैद्यनाथक्षेत्र(पत्रिका); सम्पादक प्रा डा ऋषिराम

पार्थिव शिवलिङ्ग पुजन



-भागवतश्री न्यौपाने

आकाश लिङ्ग मित्याहुः पृथिवी तस्य पीठिका।
आलयः सर्वदेवानां लयनाल्लिङ्गमुच्यते ॥

भगवान् शिवलाई प्रसन्न गराउनका लागि धर्मशास्त्रमा अभिषेक, शिवमन्त्रजपका साथै अनेक प्रकारका शिवलिङ्गको पूजाको महत्त्व शिवपुराणमा वर्णन गरिएको छ। सुन, चाँदी, वाणलिङ्ग, स्फटिक शिवलिङ्गको साथै पार्थिव र माटोको शिवलिङ्गको पूजाको बेग्लाबेग्लै महत्त्व रहेको छ। ब्रह्माको आज्ञाले सर्वप्रथम अश्विनीकुमारले पार्थिव शिवलिङ्गको पूजा गरेको वर्णन पुराणमा पढ्न पाइन्छ। श्रावण महिना शिवजीको प्रिय महिना भएकाले पनि यस महिनामा पार्थिव शिवलिङ्ग बनाएर पूजा गर्नुको विशेष महत्त्व रहेको छ। शिवपुराणका अनुसार पार्थिव शिवलिङ्गको पूजाबाट विशेष पुण्य प्राप्त हुन्छ। कलियुगका कुष्माण्डा ऋषिको छोरो मण्डपले पर्थिव शिवलिङ्गको पूजा शुरू गरेका थिए।

पार्थिव शिवलिङ्गको पूजा गर्दा धनधान्य, ओराग्यका साथै सन्तान प्राप्त हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ। यसबाट मानसिक एवम् शारिरिक समस्याबाट छुटकारा पाउनुका साथै अकाल मृत्युबाट समेत बाँच्न सकिन्छ भन्ने उल्लेख छ। शिवजीको अराधना गर्नका लागि पार्थिव शिवलिङ्गको पूजा महिला तथा पुरूष दुबैले गर्न सक्छन्। विधिपूर्वक पार्थिव शिवलिङ्ग पूजा गर्दा दश हजार कल्पसम्म स्वर्गमा बस्न पाउने कुरा पुराणमा उल्लेख छ।

पार्थिव शिवलिङ्ग बनाउनका लागि नदी, तलाउ या अन्य कुनै पनि पवित्र स्थानको माटो ल्याई त्यसलाई फूल चन्दन र अन्य पूजा सामग्रीले पूजा गर्नुपर्दछ। त्यसपछि त्यो माटोमा गाईको दुध मिलाएर शिव पञ्चाक्षरी मन्त्र 'ॐ नमः शिवायः' भन्दै साँचोलाई पूर्व या उत्तर दिशातर्फ फर्काएर शिवलिङ्ग बनाउनुपर्दछ।

माटो, गाईको गोबर, सक्खर, नौनी र भस्म मिलाएको शिवलिङ्ग बनाउन अत्यन्त शुद्ध मानिन्छ। कतैकतै माटोको भए पनि ठुलो शिवलिङ्ग बनाउने चलन छ तर पार्थिव शिवलिङ्ग अरू माटोको मूर्ति जस्तो नभएको हुँदा १२ अंगुलभन्दा सानो नै बनाउनुपर्दछ। पार्थिव शिवलिङ्गमाथि चढाएको कुरा आफूले प्रयोग गर्नुहुँदैन।

पार्थिव शिवलिङ्ग बनाउँदा आफ्नो मनोकामना अनुसारका पदार्थहरू मिसाउने विधान रहेको छ। पार्थिव शिवलिङ्ग बनाउने माटोमा गन्ध मिसाउँदा सायुज्यको प्राप्ति



हुन्छ। यसैगरि फूल मिसाउँदा भूमि, गोबर मिसाउँदा ऐश्वर्य, जौ मिसाउँदा सन्तान, चामलको पिठो मिसाउँदा वंशवृद्धि, भस्म मिसाउँदा सर्वकार्य सिद्धि, नौनी मिसाउँदा सौभाग्य प्राप्ति हुनेकुरा बताइएको छ।

पर्थिव शिवलिङ्गको पूजा गर्ने बेला शिवलिङ्गको अघि बसेर मनमनै पूजाको संकल्प गर्नुपर्दछ। त्यसपछि गणेश,

विष्णु, नवग्रह एवम् माता पार्वतीको आह्वान गर्नु पर्दछ । पार्थिव शिवलिङ्ग बनाइसकेपछि त्यसलाई परब्रह्म मानेर पूजा र ध्यान गर्नुपर्दछ । परिवारका सबै सदस्यहरू मिलेर शिवलिङ्ग बनाई पूजा गर्दा सम्पूर्ण परिवारमा समृद्धि प्राप्त हुनेछ ।

पार्थिव शिवलिङ्ग जति संख्यामा पनि निर्माण गरेर पूजा गर्न सकिन्छ । विशेषगरी सवाकरोड शिवलिङ्ग निर्माण गरी पूजा गर्ने विधान छ । साउन महिनामा ३२ दिन भएकाले सवाकरोड शिवलिङ्ग निर्माण, पुजन एवम् अभिषेकको लागि प्रतिदिन करिब ३ लाख ९१ हजार वटा शिवलिङ्गको निर्माण गर्नु आवश्यक छ । यसरी बनाइएको शिवलिङ्गलाई विधिपूर्वक प्रतिष्ठा गरी दुध, दही, घ्यु, मह र चिनी मिश्रित पञ्चामृतले अभिषेक गर्नुपर्दछ ।

पार्थिव शिवलिङ्गको निर्माण अभिषेक र पूजा अनुष्ठानको पूर्णाहुति पछि सबै शिवलिङ्गलाई विधिपूर्वक नदी वा पवित्र तलाउमा विसर्जन गर्नुपर्दछ । पुराणको मत अनुसार शिवलिङ्गको पूजा विश्वरूपी शिवको पार्थिव पूजा हो । पृथ्वीमा रहने मनुष्यहरूलाई यहि अङ्गको मात्र पूजा गर्ने अधिकार छ । मानिसहरूले शिवको सम्पूर्ण अनन्त स्वरूपको आराधना एकैपटक गर्न सक्दैनन् । स्वर्गमा शिवजीको शिरको, पृथ्वीमा शिवलिङ्गको र पातालमा पाउको पूजा गरिन्छ । भगवान् हर कणकणमा विराजमान रहनुहुन्छ भन्ने आधार नै पार्थिव शिवलिङ्गको पूजाको मत हो । निर्माण गरिएको शिवलिङ्गको जम्मा संख्याको दशांस हवन, त्यसको दशांस तर्पण र तर्पाणको दशांस मार्जन गर्नुपर्ने विधान रहेको छ ।❖

–सेतोपुल, काठमाडौं

सडकमा वेवारिसे छाडिएका गाईबाच्छा, साँढेहरूको

संरक्षणमा हातेमालो गरौं !

पृथ्वी सबैको साझा घर हो । यहाँ सबै प्राणीहरूले बाँच्न पाउने अधिकारको सुनिश्चितता गरौं । हरेक दिन गाईबाच्छाहरूका लागि केही दान गरौं । जन्मोत्सव, विवाहोत्सव आदि शुभकार्यहरू र अन्य उत्सव या स्मृतिमा गौमाताको सेवामा केही योगदान गरौं । आफू पनि बाँचौं र अवोध प्राणीहरूलाई पनि बचाऔं । सेवा नै सबैभन्दा ठूलो धर्म हो ।

जय गौमाता !



नन्दी सेवा स्थल



मन्दिर गाई बाच्छा बचाऊ तथा समाज विकास अभियान

फूल पसल लाइन, वनकाली, सम्पर्क: ९८०८२९७४८५, ९८४१२०४००६

एक महिने महायज्ञ

सम्पूर्ण जानकारी

-बिदुरप्रसाद अधिकारी

पवित्र भूमि पाशुपत क्षेत्र विश्वमा छरिएर रहेका समस्त हिन्दु धर्मावलम्बीहरूको आस्था र भरोषाको केन्द्र हो । पशुपतिनाथ विराजित यस धाममा विभिन्न सन्त, महन्त, साधु तथा महान् व्यक्तिहरूको समयसमयमा आगमन हुने गर्दछ । ख्यातिप्राप्त सन्तमहन्तहरूको आगमनलाई स्मरणयोग्य बनाउन साथै आफ्नो ज्ञानलाई बाँढ्नका लागि यहाँ विभिन्न यज्ञअनुष्ठानहरू पनि हुने गर्दछन् । यसै सिलसिलामा पवित्र पाशुपात क्षेत्रमा २०८१ सालको साउन महिनाभर अर्थात् साउन १ गतेदेखि ३२ गतेसम्म ऐतिहासिक श्रीपशुपति कोटिहोम एवम् १०८ श्रीमद्भागवत विश्वकल्याण मासिक ज्ञान महायज्ञ आयोजना हुँदैछ । मानव सेवा फाउण्डेशन लगायत विभिन्न अन्य संस्थाहरूको संयुक्त आयोजनामा यो महायज्ञ हुन लागेको हो ।

महायज्ञमा आध्यात्मिक एवम् भौतिक दुबै पक्षको अनुभव बटुल्न पाइनेछ । आध्यात्मिक दृष्टिले दुःख निवारण उपाय, मन शान्त बनाउने, विश्वकल्याण विश्वशान्ति गर्ने उपायको खोजी गर्ने उद्देश्य छ भने भौतिक दृष्टकोणले यस महायज्ञबाट संकलित रकम मानव सेवा फाउण्डेशनबाट सञ्चालित अनाथालय आश्रम, ललितपुर, छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुरको भवन निर्माणमा सदुपयोग गरिनेछ ।

एक महिनासम्म निरन्तर सञ्चालन हुने यस महायज्ञमा विभिन्न धार्मिक यज्ञ अनुष्ठान तथा आकर्षक कार्यक्रमहरू आयोजना गरिने यज्ञ आयोजक समितिको भनाइ छ । महायज्ञमा विशेषतः निम्न कार्यक्रमहरू सम्पन्न हुनेछन् ।

हवन

पाशुपत क्षेत्रको कैलाश चौरमा ८१ जना गुरूवर, पण्डितहरू सहभागी भई हवन गर्नुहुनेछ । जसअन्तर्गत निम्न अनुष्ठान गरिने छ-

- चरू हवन गर्न (ऋत्वीक कार्य) ५० जना, ब्रह्माको लागि १० जना, होता कार्यका लागि १० जना तथा यी कार्यमा सहयोग पुर्‍याउन ११ जना परिचारकहरू सहभागी बन्नुहुनेछ । यसका लागि कैलाश पर्वतमा विभिन्न १० वटा हवन कुण्डमा ७ जनाको दरले पण्डित गुरूवर खटिनुहुनेछ ।

अतिरुद्रि

- अतिरूद्रि कार्य सुमार्गी भवनसँगैको मण्डपमा हुनेछ । यसका लागि २२ जनाको ब्राह्मण समूह परिचालन हुनेछ । अतिरूद्रि कार्यक्रम बिहान ७ बजेबाट शुरू भई बेलुकी ४:३० पछिको आरति, पुष्पाञ्जली बिसर्जनपश्चात त्यस दिनका लागि विश्राम हुनेछ ।

भागवत पाठपारायण

- सुमार्गीभवनकै अर्कोपट्टि १०८ भागवत पाठपारायण हुनेछ । यसका लागि २२ जना गुरूवर पण्डितहरू सहभागी बन्नुहुनेछ । यो कार्यको समय तथा दैनिक तालिका एकै उही रहनेछ । १८ पुराणको वाचन कार्य पनि सोही प्रकरणले हुनेछ । यसका लागि सात जना पण्डित गुरूवर निरन्तर लागिपर्नुहुनेछ ।
- ४ जना विद्वान् गुरूवर जप कार्यमा खटिनुहुनेछ भने ४ जना विद्वान्ले ४ वेदलाई पाठ पारायण गर्नुहुनेछ । यसैगरी कथा वाचन मण्डपको ठीक अगाडितिर तुलादान कार्य हुनेछ जसका लागि २ जनाको टोली रहनेछ ।
- यसैगरी ३ जनाको समूहले टीका प्रसाद वितरण गर्नेछ ।

उहाँहरू १ जना कैलाशमा, १ जना वनकाली मण्डपमा र १ जना सुमार्गी भवनको मण्डपमा रहनुहुनेछ । २ जनाले शालिग्राम पुजनको कार्य गर्नुहुनेछ । यस्तै प्रकारले साउन १६ गतेदेखि २४ गतेसम्म दिउँसो २ वजेबाट बेलुकी ६ वजेसम्म कथावाचिका देवी चन्द्रकलासखीबाट संगीतमय श्रीराम कथा वाचन हुनेछ ।

पार्थिव शिवलिङ्ग पुजन

सिर्जनशील क्लबको अगाडिपट्टि १ महिनाभर सवाकरोड वेलपत्रद्वारा पार्थिव शिवलिङ्ग पुजनको कार्यक्रम रहनेछ । यसका लागि सबै श्रद्धालु भक्तजनलाई व्यवस्थापन गर्न सहयोग पुगोस् भन्ने हेतुले बिहानको ५ वजेदेखि पार्थिव शिवलिङ्ग बनाउने कार्यक्रम छ । यस कार्यका लागि माटो र साँचोको व्यवस्था आयोजकद्वारा गरिएको छ ।

यी माथिका नियमित कार्यक्रम बाहेक अन्य कार्यक्रमहरूमा आयोजकको अनुकुलता र भक्तजनको सहभागितामा ८४ पुजनको कार्यक्रम रहेको छ । वृहत तुलादान कार्यक्रमका साथै ५१०० शान्तिकलश पुजनको कार्यक्रम रहेको जानकारी गराइएको छ । त्यसैगरी साउन २५ गतेबाट राष्ट्रव्यापी लोकगित तथा भजन प्रतियोगिताको पनि आयोजना गरिने छ ।

एक महिना पश्चात पवित्र कलशप्राप्त हेतु १ कलशलाई रू.११००, २ वटा कलशलाई रू.२१०० तथा सोभन्दा मागी कलश लगेमा प्रति कलश रू.१००० का दरले भक्तजनलाई प्रदान गरिने बताइएको छ ।

आवाश तथा भोजन

टाढा टाढाबाट आउने भक्तजनका लागि पूर्व जानकारी गराएमा दैनिक करिब १००० बढी भक्तजनको लागि आवाशको व्यवस्था छ भने भोजन प्रसादको लागि यज्ञभर दैनिक ५००० भन्दा बढीलाई व्यवस्था गरिएको छ ।

महायज्ञमा सञ्चालन गरिन लागिएका गतिविधि र महायज्ञको प्रकृतिले नै यो यज्ञ विशेष रहने विश्वास गरिएको छ । विगतमा यस प्रकारका यज्ञ आयोजना नभएकाले पनि यसको रौनक पृथक रहने छ । अधिकाधिक भक्तजन र श्रद्धालुको सहभागिता रहेमा महायज्ञले सार्थकता प्राप्त गर्नेछ । यस प्रकारका धार्मिक अनुष्ठानहरूमा श्रद्धालुहरूको स्वस्फूर्त सहभागिता रहिआएको छ । सोही प्रकारको सहयोग र सहभागिता रहन सकेमा महायज्ञ भव्य र सभ्य रूपमा सम्पन्न गर्न सकिने छ ।❖

–गोठगाउँ, मोरङ

श्रावणको सोमबारः
आध्यात्मिक तथा वैज्ञानिक महत्त्व



डा. वी.पी. वडाल

प्रथमं शैल पुत्री च.... अर्थात हिमालय कि पुत्री माता पार्वती नै भगवान् श्रीपशुपतिनाथकी शक्ति स्वरूपा महामाया हुन् । श्रावण महिना सनातन धर्ममा धार्मिक तथा आध्यात्मिक दृष्टिले अत्यन्तै महत्त्वपूर्ण मानिन्छ । यस महिनामा विशेष गरेर सोमवारको दिन भगवान् शिवको पूजा आराधना गरिन्छ । शिव भनेको सम्पूर्ण शक्तिको यन्त्र, मन्त्र, र तन्त्रको एकीकृत प्रतिनिधित्व हो ।

शिवपुराण अनुसार, श्रावणको सोमबारको विशेष महत्त्व छ । यो महिना भगवान् शिवको उपासना, तपस्या, उपवास र आराधनाका लागि अत्यन्तै शुभ मानिन्छ । समुद्र मथनको कथा, देवी पार्वतीको तपस्या, गंगाजलको महत्त्व लगायतका विभिन्न कथा र धार्मिक मान्यताहरूले श्रवणको सोमबारलाई विशेष बनाएको छ । धार्मिक र आध्यात्मिक दृष्टिकोणबाट श्रावणको सोमबार भगवान् शिवको कृपा प्राप्त गर्ने उत्तम समय हो । यद्यपि, धार्मिक दृष्टिकोण बाहेक पनि, श्रावणको सोमबारको केही वैज्ञानिक महत्त्व छ, जसले मानिसहरूको जीवनशैलीमा सकारात्मक प्रभाव पार्न सक्छ । श्रावणको सोमबारको पूजा र उपवासले मानिसलाई आध्यात्मिकता र आत्मज्ञानको मार्गमा अघि बढ्न प्रोत्साहित गर्छ । ध्यान, प्रार्थना र पूजा गर्दा मानिसमा आन्तरिक शान्ति र स्थिरता प्राप्त हुन्छ । यसले मानिसलाई आत्मचिन्तन गर्न र आत्मबोधको मार्गमा अघि बढ्न सहयोग पुऱ्याउँछ । धार्मिक अभ्यास र वैज्ञानिक महत्त्वको सम्मिलनले मानिसलाई सम्पूर्ण रूपमा स्वस्थ, सन्तुलित र आत्मचेतनशील बनाउँछ ।

सोमबार

'सोमबार' शब्द संस्कृतको 'सोम' शब्दबाट आएको हो, जसको अर्थ 'चन्द्रमा' हो । सोम चन्द्रमाका देवता हुन् र सोमबारलाई चन्द्रमाको दिन मानिन्छ । ज्योतिष शास्त्र अनुसार सोमबारको दिन चन्द्रमाको आधिपत्य हुन्छ । चन्द्रमा मनको स्वामी मानिन्छ र यसले मानिसको मानसिक स्वास्थ्य, शान्ति र स्थिरतामा प्रभाव पार्छ । सोमबारको दिन उपवास गर्दा र भगवान् शिवको पूजा गर्दा चन्द्रमा सम्बन्धी समस्याहरूबाट मुक्ति मिल्ने विश्वास गरिन्छ । चन्द्रमाको कृपा प्राप्त गर्दा मानिसको मानसिक शान्ति र स्थिरता बढ्छ ।

भगवान् शिव सोमबारका अधिपति देवता मानिन्छन् । सोमबारको दिन भगवान् शिवको पूजा, उपवास र आराधना गर्दा विशेष फल प्राप्त हुन्छ भन्ने विश्वास छ । विशेष गरी श्रावण महिनामा पर्ने सोमबारको दिन शिवलिङ्गमा जल, दूध, दही, घ्यू, शहद र गंगाजल चढाएर भगवान् शिवलाई प्रसन्न पार्ने परम्परा छ । सोमबारको व्रत भगवान् शिवलाई समर्पित छ । महिलाहरू र पुरूषहरूले सोमबारको दिन उपवास गरेर शिव मन्दिरमा पूजा गर्ने गर्दछन् । यस व्रतले मानिसको जीवनमा सुख, शान्ति, स्वास्थ्य र समृद्धि ल्याउँछ । यो दिनलाई प्रायः कार्यसप्ताहको शुरूवातको दिन मानिन्छ । त्यसैले सोमबार अत्यन्त पवित्र दिन हो । यो भगवान् श्रीपशुपतिनाथको बार हो ।

श्रावण

श्रावण महिना विक्रम सम्वतको चौथो महिना हो । यसको नाम श्रवण नक्षत्रबाट आएको हो । ज्योतिष शास्त्र अनुरूप जब सूर्य श्रवण नक्षत्रमा प्रवेश गर्छ, तब श्रावण महिना शुरू हुन्छ । श्रावण महिनामा नै सत्य युगमा देवता

र दानव बिच समुद्र मथन भएको मान्यता छ । देवताहरू र असुरहरूले अमृत प्राप्त गर्न समुद्र मथन गर्दा, मथनबाट हलाहल विष निस्किएको थियो । भगवान् श्रीपशुपतिनाथले त्यो विष पिएर सम्पूर्ण संसारलाई बचाएका थिए । भगवान् श्रीपशुपतिनाथ विष पिएर नीलकण्ठ भएका थिए, जसले गर्दा श्रावण महिना भगवान्को कृपा प्राप्त गर्ने उत्तम समय मानिन्छ । यो अत्यन्तै पवित्र महिना हो ।

१. जलवायु र स्वास्थ्य

श्रावण महिना दक्षिण एशियामा वर्षाको समय हो । यस समयमा वायुमण्डलको आर्द्रता (ह्युमिडिटी) अत्याधिक उच्च हुन्छ, जसले गर्दा शरीरको तापक्रम नियन्त्रण गर्न मद्दत पुग्छ । सोमबारको दिन उपवास गर्दा शरीरमा अनावश्यक तौल घटाउन र शरीरलाई डिटक्सिफाई गर्न मद्दत पुग्छ । यसका साथै, विभिन्न फलफूल र तरकारीहरूको सेवनले शरीरलाई आवश्यक पोषण तत्त्व प्रदान गर्छ । लुतो फाल्ने, शरीर सफा राख्ने, किरा, नाग आदिबाट सुरक्षित रहने जस्ता व्यापक सरसफाइका क्रियाकालापका कारणले पनि श्रावण महिना अत्यन्त महत्वपूर्ण महिना हो ।

जलवायु अनुरूप अर्थात प्रकृति अनुरूप आफ्नो शरीरको वातावरण मिलाउन आवश्यक छ । विरामी हुनु भनेको नै बाहिरी प्राकृतिक वातावारणसँग शरीरको आन्तरिक वातावारणको सामन्जस्य नहुनु हो । यो तालमेल नहुनु नै रोग लाग्नु हो । श्रावणमा पानी पर्दा, यो पानीबाट सृजना हुने वातावरणमा आफ्नो शरीरलाई मिलाउनु पर्दछ । निरन्तर श्रावण स्नान गर्दा उक्त फल प्राप्त हुन्छ । श्रावणको मौसमसँग शरीरको मौसम मिल्छ । रोग लाग्दैन ।

श्रावण महिनामा विभिन्न स्थानहरूमा सामूहिक हवनको आयोजन गरिन्छ । हवनमा पवित्र अग्निमा घ्यू, तिल, जौ, तथा अन्य हवन सामग्री चढाइन्छ । यस अवसरमा शिव मन्त्रहरूको उच्चारण गर्दै हवन गरिन्छ, जसले वातावरण शुद्ध गर्ने र धार्मिक महत्त्व राख्ने विश्वास गरिन्छ । श्रीमद्भगवद्गीतामा भनिएको छ, हवनले वर्षा हुन्छ । वर्षाले कृषि सम्भव हुन्छ र कृषिले नै जीवन चल्दछ । स्वस्थ (सत्व) अन्नले स्वस्थ मन दिन्छ । स्वस्थ मनले स्वस्थ तन दिन्छ ।

२. मानसिक स्वास्थ्य

सोमबारको उपवास र भगवान् श्रीपशुपतिनाथको पूजा गर्दा मानिसमा मानसिक शान्ति र स्थिरता प्राप्त हुन्छ । आध्यात्मिक ध्यान र पूजा गर्ने क्रममा मानसिक शान्ति प्राप्त गर्न सकिन्छ । जसले गर्दा मानसिक तनाव कम हुन्छ र सकारात्मक ऊर्जा प्राप्त गर्न सकिन्छ । यो उर्जा नै शक्ति स्वरूपा महामाया श्रीको वरदान हो । ध्यान र प्रार्थनाले मानिसको मानसिक स्वास्थ्यमा सकारात्मक प्रभाव पार्छ । भगवान् भनेकै प्रकृति हो । हामी सबै यहि प्रकृतिका फूल हौं– अन्त्यमा मरेर अर्थात् झरेर जाने पनि यहि प्रकृतिमा हो । सबै चाहना यहि प्रकृतिको हो । सबै भगवान्को हो । त्यसैले भगवान्मा पूर्ण विश्वास गरेमा सम्पूर्ण मानसिक तनाब तथा अन्य रोगहरूको अन्त्य हुन्छ ।

शारीरिक रोगको कारण नै मानसिक रोग हो । त्यसैले प्रकृतिमा पूर्ण विश्वस्त भएर पूजा, आराधना, योग ध्यानमा लाग्यो भने सबै समस्या विस्तारै अन्त्य हुँदै जान्छ । त्यसैले प्रकृतिप्रति सकारात्मक सोचको विकास गर्नु पर्दछ । धैर्य धारण गर्नुपर्छ– कर्म अनुसारको फल निश्चय नै प्राप्त हुन्छ । महामाया शैलपुत्रीद्वारा "यं यं चिन्तयते कामं तं तं प्राप्नोती सुनिश्चितम"– दुर्गाशप्तसतीमा स्पष्ट भनिएको छ । सोचेको पुग्छ ।

३. सामाजिक एकता

मानवीय सभ्यता नदीको किनारमा नै स्थित हुन्छ । गंगा सभ्यता तथा सिन्धु सभ्यता नदी किनारमै भएको हो । श्रावणको महिनामा अत्याधिक वर्षा हुन्छ । विभिन्न प्राकृतिक प्रकोप पर्ने सम्भावना ज्यादा हुन्छ । श्रावणको सोमबारको सामूहिक पूजा, बोलबमयात्रा, कावड–यात्रा, शिवालय यात्रा र उपवासले सामाजिक एकता र सहकार्यलाई प्रोत्साहन दिन्छ । परिवार र समुदायका सबै सदस्यहरू एकसाथ पूजा गर्न र उपवास गर्न जम्मा हुन्छन्, जसले गर्दा सामाजिक सम्बन्ध बलियो बनाउँछ ।

श्रावण महिनामा प्रत्येक सोमबारको दिन भगवान् शिवको विशेष पूजा गरिन्छ । यस अवसरमा भक्तजनहरू शिव मन्दिरमा भेला भएर सामूहिक रूपमा आराधना गर्छन् । यस पूजामा विशेष गरी शिवलिङ्गमा जल, दूध, दही, घ्यू, शहद र गंगाजल चढाउने प्रथा छ । साथै, बेलपत्र, धतूरो र विभिन्न फूलहरूको अर्पण पनि गरिन्छ । श्रद्धालुहरूले भजन, कीर्तन र आरतीमा भाग लिन्छन् । यसले समुदायमा सामूहिक भावना र सहयोगको विकास गर्छ ।

श्रावणको सोमबारको पूजा र उपवास धार्मिक परम्परा भए तापनि यसले मानिसहरूलाई परोपकार, सदाचार र सहयोगको महत्त्व सम्झाउँछ। मानिसहरूले आफ्नो समय र स्रोतलाई परोपकारी कार्यहरूमा लगानी गर्ने प्रेरणा पाउँछन्, जसले समाजमा सकारात्मक परिवर्तन ल्याउँछ। यसले धार्मिक मूल्यमान्यता र वैज्ञानिक तथ्यहरूलाई एकसाथ ल्याएर समाजमा समन्वयता र शान्तिको सन्देश फैलाउँछ।

४. पर्यावरणीय सन्देश

भगवान् श्रीपशुपतिनाथ भनेको नै प्रकृति हो। भगवान्को अर्थ भ- भूमि, ग- गगन, वा- वायु, अ- अग्नि, न- निर हो। त्यस्तै 'नमो शिवाय:' - भुमिरापोनलोवायुखं - भूमि अप अनल बायु आकाश नै हो। पर्यावरण नै हो प्रकृति नै हो। श्रावणको सोमबारको पूजा गर्दा प्रकृति र पर्यावरणको महत्त्वको बारेमा जनचेतना फैलाउन मद्दत हुन्छ। भगवान् शिवलाई हरियो पात, फूल र जल अर्पण गर्ने चलनले वातावरण संरक्षण र हरियालीको महत्त्वलाई दर्शाउँछ।

श्रावण महिनामा पर्ने नागपञ्चमीको दिन विशेष रूपमा सर्पहरूको पूजा गरिन्छ। यो दिन भक्तजनहरू सामूहिक रूपमा सर्पदेवताको पूजा गर्दै दूध, फूल र अक्षता चढाउँछन्। यस अवसरमा विभिन्न मन्दिरहरूमा विशेष पूजा तथा हवनको आयोजना गरिन्छ। श्रावण महिनाको शुक्ल पक्षको तृतीयामा हरितालिका तीज मनाइन्छ। यो विशेष गरेर महिलाहरूको पर्व हो। महिलाहरू रातो पहिरन लगाएर शिव-पार्वतीको पूजा गर्छन्। सामूहिक रूपमा गीत, नृत्य र धार्मिक कार्यक्रमहरूको आयोजना गरिन्छ। विशेष गरी विवाहित महिलाहरू आफ्ना पतिको लामो आयु र समृद्धिको कामना गर्दै उपवास गर्छन्। यसले मानिसहरूलाई पर्यावरण संरक्षणको महत्त्वबारे सचेत गराउँछ। निम, रूद्राक्ष तथा वेलापत्रको बिरूवा रोपेर पनि श्रावण महिना मनाउने चलन पनि चल्दैआएको छ।

५. वैदिक लाभ

हरेक सोमबार व्रत बस्नु पर्दछ। आयुर्वेदमा पनि उपवासको महत्त्व उल्लेख गरिएको छ। उपवासले शरीरको पाचन प्रणालीलाई विश्राम दिन्छ र शरीरलाई स्वास्थ राख्न मद्दत गर्छ। सोमबारको उपवासले पेटको विभिन्न समस्या जस्तै अपच, एसिडिटी आदिबाट राहत मिल्छ। साथै, विभिन्न फलफूल र जडिबुटीको सेवनले शरीरलाई आवश्यक पोषण तत्त्व प्रदान गर्छ।

रूद्राभिषेक भगवान् शिवको एक विशेष पूजा विधि हो जसमा उनको विभिन्न रूपहरूको पूजा गरिन्छ। श्रावण महिनामा मन्दिरहरूमा सामूहिक रूद्राभिषेकको आयोजना गरिन्छ। यस पूजामा वेद मन्त्रहरूको उच्चारण गर्दै शिवलिङ्गमा पवित्र जल, दूध, घ्यू, शहद तथा अन्य पदार्थ चढाइन्छ। रूद्राभिषेकले भगवान् शिवको विशेष कृपा प्राप्त हुने विश्वास गरिन्छ।

श्रावणको सोमबारको पूजा गर्दा परम्परागत रूपमा विभिन्न वनस्पति, जडिबुटी र प्राकृतिक पदार्थहरूको प्रयोग गरिन्छ। यसले कृत्रिम रसायनिक पदार्थहरूको प्रयोगलाई घटाउँछ, जसले वातावरणलाई प्रदूषित गर्नबाट बचाउँछ। साथै प्रसस्त आयुर्वेदिक लाभ प्राप्त हुन्छ। वास्तवमा भगवान् श्रीपशुपतिनाथ चारै वेदको संगम हो। कतिपय विद्वानहरूले भगवान् श्री पशुपतिनाथलाई सम्पूर्ण वेद तत्त्वको सार मानेका छन्। त्यसैले श्रावणमा भगवान्को आराधना गर्दा चारै वेदको फल मिल्छ।

६. जीवनशैलीमा सुधार

श्रावणको सोमबारको उपवासले मानिसको जीवनशैलीमा सुधार ल्याउन मद्दत पुर्‍याउँछ। नियमित उपवास गर्दा आत्मअनुशासन बढ्छ र खानपानमा संयमता आउँछ। यसले मानिसलाई स्वस्थ र सन्तुलित जीवनशैली अपनाउन प्रोत्साहित गर्दछ। उपवास गर्दा शारीरिक र मानसिक रूपमा आत्मनियन्त्रणको अभ्यास गर्नुपर्दछ, जसले दीर्घकालीन रूपमा अनुशासन र संयमताको विकास गर्छ।

जीवन संकल्प हो विकल्प होइन। शिव संकल्पमस्तु भनेर कुनै चिज संकल्प गरेर श्रावण महिनामा निरन्तर शिवको पुजा आराधना गरौं- संकल्प पुरा हुन्छ। तर संकल्प सत्य हुनु पर्दछ। कमसेकम खानपानमा मात्रै नियन्त्रण गर्ने संकल्प गरियो भने श्रावणले स्वस्थ जीवन दिन्छ। संकल्प गरौ। शरीरको जैविक घडी वा सर्केडियन रिदम (Circadian Rhythem) लाई नियमित गर्न पनि उपवासको ठुलो महत्त्व छ।

श्रावण महिनाको सोमबारको उपवासले शरीरको प्राकृतिक घडीलाई पुनर्स्थापना गर्न मद्दत पुर्‍याउँछ।



संकल्प गरेकी थिइन । उनको तपस्याले प्रसन्न भई भगवान् शिवले उनलाई आफ्नो पत्नीको रूपमा स्वीकार गरेका थिए ।

निष्कर्ष

श्रावण महिनामा गंगाजलले स्नान गर्ने र भगवान् शिवलाई गंगाजल अर्पण गर्ने परम्परा छ । शिवपुराणमा गंगाजलको महत्त्व वर्णन गरिएको छ, जसले शरीर र मनको शुद्धीकरण गर्छ । गंगाजलले स्नान गर्दा र भगवान् शिवलाई अर्पण गर्दा समस्त पापहरू समाप्त हुन्छन् भन्ने विश्वास छ । यसरी, श्रवणको सोमबारको पूजा र उपवासले मानिसलाई पवित्रता र शुद्धताको मार्गमा अघि बढ्न मद्दत गर्छ । श्रावणको सोमबारको धार्मिक र वैज्ञानिक महत्त्व विविध छन् । जलवायु, स्वास्थ्य, मानसिक-शान्ति, सामाजिक-एकता, पर्यावरणीय-सन्देश, आयुर्वेदिक-लाभ, जीवनशैली-सुधार, जैविक-घडी, हर्मोनल-सन्तुलन, समाजमा सकारात्मक प्रभाव, प्रदूषण-नियन्त्रण, आध्यात्मिकता र आत्मज्ञान सबैको सम्मिलनले श्रावण र श्रावण महिनाको सोमबारको ठुलो महत्त्व छ । धार्मिक परम्परा र वैज्ञानिक दृष्टिकोणको श्रावण मेलले मानिसलाई सम्पूर्ण रूपमा स्वस्थ, सन्तुलित र सकारात्मक जीवनशैली अपनाउन प्रोत्साहित गर्छ ।

भगवान् श्रीपशुपतिनाथ सदाशिव हुनुहुन्छ । देवाधिदेव आदियोगी महादेव हुनुहुन्छ । अर्थात् सम्पूर्ण ऊर्जाको केन्द्र नै पशुपतिनाथ हो । भूत, वर्तमान र भविष्य, सत्व, रज, तम, मन्त्र, यन्त्र, तन्त्र तथा सृष्टि स्थिति प्रलय सधैं निरन्जन निराकार निरन्तर बाँकी रहने अन्तिम सत्य नै भगवान् श्रीपशुपतिनाथ हुनुहुन्छ । नाथ विना हामी सबै अनाथ हुन्छौं । त्यसैले सधैं नाथको स्मरण गर्नु पर्छ, पूजा आराधना गर्नु पर्छ । त्यसमाथि पनि श्रीपशुपतिनाथको श्रावण महिना विशेष महिना हो । सोमवार विशेस दिन हो । त्यसैले सबैले श्रावण महिनामा भगवान् श्रीपशुपतिनाथको पूजा आराधना गर्नु पर्दछ । सोमवारको दिन उपवास गर्दा शरीर र मन दुवैलाई शुद्ध गर्ने अवसर प्राप्त हुन्छ, जसले भक्तहरूको आध्यात्मिक विकासमा मद्दत गर्छ ।❖

-पशुपति क्षेत्र विकास कोष, गौशाला

नियमित उपवासले शरीरलाई नियमित खाना पचाउन र आराम गर्न समय दिन्छ, जसले गर्दा शरीरको जैविक घडी सही रूपमा चल्छ । उपवासले शरीरमा हर्मोनल सन्तुलन कायम राख्न मद्दत गर्छ । उपवास गर्दा इन्सुलिनको स्तर घट्छ र ग्रोथ हर्मोनको स्तर बढ्छ, जसले शरीरमा चयापचय (metabolism) लाई सन्तुलित राख्छ । यसले तौल घटाउन, ऊर्जा स्तर बढाउन र मांसपेशीहरूलाई स्वस्थ राख्न मद्दत गर्छ । यस प्रकार, उपवासले हर्मोनल सन्तुलनलाई सुधार गर्न सकारात्मक प्रभाव पार्छ ।

७. शिवपुराणको आधारमा श्रावणको सोमबारको महत्त्व

श्रावण महिनामा भगवान् शिवको उपासना गर्ने परम्परा प्राचीन कालदेखि नै चलिआएको छ । शिवपुराणमा श्रवणको सोमबारको विशेष महत्त्वको वर्णन गरिएको छ । यो महिना भगवान् शिवप्रति समर्पित मानिन्छ । शिवपुराण अनुसार, श्रावण महिनामा समुद्र मथन भएको थियो । समुद्र मथनबाट निस्केको विषलाई भगवान् शिवले पिएर सम्पूर्ण संसारलाई बचाएका थिए । यस कारण, श्रावण महिना भगवान् शिवको त्याग र बलिदानको प्रतीक मानिन्छ । यो घटनाले सोमबारको महत्त्वलाई अझ बढाउँछ ।

शिवपुराणमा वर्णित कथा अनुसार, देवी पार्वतीले भगवान् शिवलाई पतिको रूपमा प्राप्त गर्न श्रवण महिनाको सोमबारमा कठोर तपस्या र उपवास गरेकी थिइन् ।

अरुणसिंह पण्डालवाला
प्रोपाइटर

ॐ

अरुणसिंह पण्डालवाला

गौरीघाट काठमाडौं, मोबाइल: ९८५१२५४२२४,९८४१७४२०९६, ९८४१७८४५०५

सेवाहरु:

वाटरप्रुफ पण्डाल, पाल, गेट, मञ्चका साथै सजावटका लागि सम्पर्क गर्नुहोला
साथै बत्ती, जेनेटर र साउन्डसिष्टमका निम्ति समेत सम्झनुहोला ।

शुद्ध, सफा र स्वादिष्ट नेपाली
भोजनका लागि सदैव सम्झनुहोला ।

त्रिवेणी भोजनालय

क्षेत्रपाटी, काठमाडौं | फोन: ४२५१९८४

संस्कृत, नेपाली एवम् हिन्दी भाषामा समेत वेद,
पुराण, ज्योतिष, कर्मकाण्ड आदि विषयमा
विभिन्न धार्मिक पुस्तकहरू चाहिएमा सधैं
सम्झनुहोला !

दुर्गा धार्मिक पुस्तक पसल
पशुपति, काठमाडौं
सम्पर्क: ९८४१५२१३५३

Your Printing Solution

"गुणस्तरीय छपाई,
सुपथ मुल्य"

किशोर अफसेट प्रेश प्रा. लि.
गोल्कोपाखा, ठमेल, काठमाडौं, फोन: ०१-४०२२५४४

स.क.परिषद-५०४२५
पान नं. ६०८९७३६६५

।। श्रीगणेशाय नमः ।।

जि. प्र. का. दर्ता नं.-२५६
का.म.पा.-७, ०७-११६

जय श्री हरि !!

ॐ नमः शिवाय

ॐ

श्री हरि कीर्तन दिब्य सेवा समाज

गुरुमार्ग, पाशुपत क्षेत्र, मित्रपार्क, काठमाडौं, नेपाल
फोन: ०१-४५०५१२५ मो. ९८४३४३८०७२, ९८४३७७३५७७

पं श्री बैकुण्ठ नारायण पौडेल

हार्दिक निमन्त्रणा

श्री चिदानन्द ढुङ्गेल

मिति २०८१ श्रावण २० गते देखि श्रावण ३२ गते सम्म संस्थाकै प्राङ्गणमा धार्मिक अनुष्ठान श्री शिव महापुराण ज्ञान महायज्ञको आयोजना हुने व्यहोरा सहर्ष अवगत गराउदैं यस कार्यक्रममा पाल्नुहुन सम्पुर्ण महानुभावहरूमा स्वागतको अभिलाषा सहित हार्दिक निमन्त्रणा गर्दछौं ।

संस्था परिवार ।

विपत्तिबाट बचौं र बचाऔं

❖ विपत्तिबाट बच्न पूर्वतयारी गरौं,

❖ बाढी र पहिरोजस्ता प्राकृतिक प्रकोपबाट बचौं,

❖ विपत्तिमा परेकालाई उद्धार र पुनःस्थापनामा सहयोग गरौं,

❖ विकास निर्माणका कार्य गर्दा वातावरणीय पक्षमा ध्यान दिऔं,

❖ पानीको बहाव क्षेत्रमा बसोबास नगरौं, नगराऔं,

❖ बाढी र पहिरोको जोखिमबाट बच्न पूर्वसावधानी अपनाऔं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार
विज्ञापन वोर्ड

ऐतिहासिक श्रीपशुपति कोटिहोम एवम् १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ उद्घाटन अवसरका तस्वीरहरू

तस्बिर : पुष्कराज बड

गो.हु.का. (म.क्ष.हु.नि.द.नं.) १०/०६७/०६८

॥एक युगमा एक पटक॥ ॐ ॥ श्री परमात्मने नमः ॥ ॥ न भुतो न भविष्यती ॥ ॥इतिहासमै पहिलो पटक॥

(न भुतकालमा यस्तो महायज्ञ भयो न त भविष्यमा हाम्रो जीवन कालमा हुन सक्ला या नसक्ला)

ऐतिहासिक श्री पशुपति कोटिहोम एंव १०८ श्रीमद्भागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ

मामाघर अनाथालय आश्रम, ललितपुर

Bank Details

Foundation Details

छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुर

सादर-निमन्त्रणा

अभिभावक विहिन अनाथ तथा आधारभूत आवश्यकताबाट वञ्चित बालबालिकाहरुलाई निःशुल्क रुपमा गास, बास, कपास, स्वास्थ्य र शिक्षा प्रदान गर्दै आइरहेको **मामाघर अनाथालय आश्रम, ललितपुर** र बेसहारा, पिडित, दुःखी, गरिब र आधारभूत आवश्यकताबाट वञ्चित ज्येष्ठ नागरिकहरुलाई निःशुल्क रुपमा गास, बास, कपास र स्वास्थ्य प्रदान गर्दै आइरहेको **छोरीको घर ज्येष्ठ नागरिक आश्रम, भक्तपुरको भवन आदि निमार्ण सहयोगार्थ** आयोजित **ऐतिहासिक श्री पशुपति कोटिहोम एवं १०८ श्रीमदभागवत विश्व कल्याण मासिक ज्ञान महायज्ञ** लाई भव्य र सभ्य रुपमा सम्पन्न गर्नका लागि हजुरको गरिमामय उपस्थितका लागि **हार्दिक निमन्त्रणा** गर्दछौं।

ऐतिहासिक महायज्ञका कार्यक्रम विवरणहरू:

(१) मिति २०८१ असार महिनाको २२ गते शनिबार विहान ११:०० बजे बाट वृहत मोटरसाइकल र्‍याली गरी काठमाडौं चक्रपथ परिक्रमा गरिने ।
(२) मिति २०८१ असार महिनाको ३१ गते सोमबार विहान ७:०० बजे कार्यक्रम स्थल देखि हजारौं मातृशक्ति, बाजागाजाको साथमा साँस्कृतिक झाँकीहरू सहित भव्य विशाल कलश यात्रा गरी नगर परिक्रमा गरिने ।
(३) मिति २०८१ श्रावण महिनाको १ गते मंगलवार दिउँसो ११:०० बजे ऐतिहासिक श्री पशुपति कोटिहोम एवं विराट महायज्ञको समुद्घाटन गरिने ।
(४) जगद्गुरू, साधु, सन्त, महन्त, प्रसिद्ध कथा वाचक, वाचिका आदिबाट विशेष, अलौकिक दिव्य प्रवचन नियमित हुने ।
(५) देश विदेशबाट कार्यक्रम अवधिभर विभिन्न सामाजिक अभियान्ता तथा राजनेताहरूको आगमन हुने ।
(६) श्रावण महिना भरी सयौं गुरुहरु द्वारा नियमित हवन तथा अनेकौं कर्म गरिने ।
(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा ख्याती प्राप्त कलाकारहरूबाट विभिन्न गित, संगीत, भजन, झाँकी, देव लिला, नृत्य आदि प्रस्तुती हुने ।

आयोजक:

१) श्री मानव सेवा फाउण्डेसन, नेपाल (काठमाडौं)
२) श्री विजय कृष्णमूर्ति जी महाराज फाउण्डेसन, नेपाल (काठमाडौं)
३) श्री मामाघर अनाथालय सपोर्ट एण्ड केयर सेन्टर, नेपाल (ललितपुर)
४) श्री छोरीको घर जेष्ठ नागरिक आश्रम (भक्तपुर)
५) श्री हिन्दु सेना, नेपाल (काठमाडौं)
६) श्री डोनेट फर नेपाल (काठमाडौं)
७) श्री मामाघर परोपकार तथा सेवा आश्रम (ललितपुर)
८) श्री माईतीघर जेष्ठ नागरिक स्याहार तथा संरक्षण केन्द्र, नेपाल (काठमाडौं)
९) श्री पञ्चकन्या धाम एवं गाईघाट क्षेत्र संरक्षण तथा विकास प्रतिष्ठान, नेपाल (तनहुँ)
१०) स्वधर्म परिवार, नेपाल (काठमाडौं)
११) हजुरहरु र हामी सबै

मिति:
२०८१ श्रावण ०१ गते देखि श्रावण ३२ गते सम्म

महायज्ञ स्थल:
श्री पशुपति क्षेत्र, (वनकाली) हंस मण्डप, काठमाडौं, नेपाल

सम्पर्क सूत्र :
०१-५२१८१२५
९८५१३५७०१५ / ९८५१३५७००७ / ९८५१३५७००९
९८०२३७००८३ / ९८०२३७००८१ / ९८०२३७००९३

वाचन प्रवीण पण्डित श्री दीनवन्धु पोखरेलज्यू
श्रावण ०८ गतेदेखि श्रावण १४ गतेसम्म ।
दिउँसो १:०० बजेदेखि बेलुका ०५:०० बजेसम्म ।
(संगीतमय श्रीमद्भागवत कथा वाचन)

प्रसिद्ध श्रीमदभागवत कथा वाचिका देवी प्रतिभाज्यू
श्रावण ०१ गतेदेखि श्रावण ०८ गतेसम्म ।
दिउँसो २:०० बजेदेखि साँझ ०७:०० बजेसम्म ।
(संगीतमय श्रीमदभागवत कथा वाचन)

प्रसिद्ध श्री राम कथा वाचिका देवी चन्द्रकला सखीज्यू
श्रावण १६ गतेदेखि श्रावण २४ गतेसम्म ।
दिउँसो २:०० बजेदेखि बेलुका ०६:०० बजेसम्म ।
(संगीतमय श्री राम कथा वाचन)

सु-प्रसिद्ध कथा वाचिका राधिका दासी माताज्यू
असार ३१ गतेदेखि श्रावण ०७ गतेसम्म ।
विहान ८:०० बजेदेखि दिउँसो १:०० बजेसम्म ।
(संगीतमय शिव महापुराण वाचन)

श्रीमद् देवी भागवत वाचिका विदुषी डा. कान्ता भट्टराई ज्यू
श्रावण १६ गतेदेखि २४ गतेसम्म ।
विहान ९:०० बजेदेखि विहान ११:०० बजेसम्म
(संगीतमय श्रीमद् देवी भागवत कथा वाचन)